युक्रेन 'एक्लो छैन' : युरोपेली नेता | पृष्ठ ६ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com





वर्ष २६ • अंक २७६ • २०८१ साल फाल्गुन १८ गते आइतबार (2 March, Sunday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-


## घरभित्रै शव फेला

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको लक्ष्मीनिया गाउँपालिकामा एक महिलाको शव घरमै गाडिएको अवस्थामा फेला परेको छ ।

लक्ष्मीनियाँ गाउँपालिका- ५ स्थित बनिनियाँमा २० वर्षीया अञ्जली यादवको शव घरकै पूजाकोठामा गाडिएको अवस्थामा फेला परेको प्रहरीले जनाएको छ । शनिबार दिउँसो अञ्जली यादवको शव घरभित्रै फेला परेको धनुषा प्रहरीका प्रवक्ता बरुणकुमार सिंहले जानकारी दिए ।

उनले स्थानीयले बच्चासहित हरेराम यादवको दम्पती बेपत्ता भएको जानकारी दिएपछि प्रहरीले अनुसन्धान अघि बढाएको थियो । खोजीका क्रममा पूजाकोठाभित्र गाडिएको अवस्थामा अञ्जलीको शव फेला पारेको उनले बताए ।

प्रवक्ता सिंहले अञ्जलीको हत्या श्रीमान् हरिरामले नै गरेको हुनसक्ने प्रारम्भिक अनुमान गरिएको बताए ।

उनका अनुसार प्रारम्भिक अनुसन्धान अनुसार गत शनिबार अञ्जली र हरेरामबीच झगडा भएको थियो । तर मंगलबार उनी घरमा ताल्चा लगाएर १० महिने छोरीसहित बेपत्ता भएका थिए ।

### विरोधी तर्साउन दल विभाजन विधेयक

# सरकारविरुद्ध सडकमा उत्रिने निहुँ खोज्दै जसपा नेपाल

**टुडे समाचारदाता**

जनकपुरधाम । राष्ट्रिय सभाबाट अध्यादेश पारित गर्न नेकपा एस, जनता समाजवादी पार्टी (जसपा) नेपाल र लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) नेपाल विभाजन गर्न सरकारले दल सम्बन्धी विधेयक यसै हप्ता संसदमा दर्ता गर्ने भएको छ ।

जसपा नेपाल, लोसपा र नेकपा एसले साथ नदिने धारणा सार्वजनिक गरिसकेकाले सरकारलाई राष्ट्रिय सभामा सकस छ । सहजै समर्थन नदिए विधेयक ल्याएर नै दल विभाजन गर्न अनुकूल वातावरण बनाइने सरकारले बताएको छ । सरकारले जसपा नेपाल, लोसपा र एसका नेताहरुलाई तर्साउन विधेयक संसदमा लग्ने चर्चा चलाएको छ ।

दल सम्बन्धी विधेयक पनि राष्ट्रिय सभाबाट पारित हुने सम्भावना छैन । सरकारले जबर्जस्ती गर्न चाहे आन्दोलन गर्ने धम्की दलहरुले दिएका छन् । राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिंगदेनले सरकार सांसदहरु खरिद गरी अध्यादेश पास गर्नेमा लागेको आरोप लगाएका छन् ।

जसपा नेपालका प्रवक्ता मनिष सुमनले सरकारले भूमिसम्बन्धी अध्यादेश तत्काल फिर्ता नलिए अन्य पाँच वटा अध्यादेशको पनि विपक्षमा उभिने बताएका छन् । 'भूमिसम्बन्धी अध्यादेश जग्गा दलाल र बिचौलियालाई पोस्न, नेपालको जंगल मास्न र तराई/मधेशलाई मरुभूमिकरण गर्नको लागि ल्याइएको छ ' उनले भने, सरकारले सुकुम्वासीको नाममा आफ्ना कार्यकर्ताहरूलाई जग्गा बाँड्नको लागि भूमिसम्बन्धी अध्यादेश ल्याएको छ ।




रिपोर्टर्स क्लब नेपालले शनिबार आयोजना गरेको विशेष-साक्षात्कारमा बोल्दै प्रवक्ता सुमनले आफ्नो दलले भूमिसम्बन्धी अध्यादेशको विपक्षमा मतदान गर्ने निर्णय गरिसकेको र सो निर्णय राष्ट्रहितमा रहेको दाबी गरे ।

'जसपाले माघ २९ गतेको संसदीय दलको बैठकबाट नै अध्यादेशबारे निर्णय दिइसकेको छ ' उनले भने, हामीले हठातमा यो निर्णय गरेको होइन । मनमा राग, द्वेष र रिसको कारण त्यसरी निर्णय गरिएको होइन ।

सरकारले अध्यादेश ल्याएपछि नै कार्यदल बनाएर विज्ञहरूसँग छलफलपछि सरकारको कदम देशहितमा नरहेको ठहर भएपछि समर्थन नगर्ने निर्णय गरिएको प्रवक्ता सुमनले बताए ।

अध्यादेश ल्याउने संवैधानिक भए पनि सरकारले अध्यादेश ल्याउँदा नियत सफा नदेखिएको आरोप उनको आरोप छ । 'अध्यादेशको परिकल्पना संविधानमा नै राखिएको छ । संसद् नचलेको अवस्थामा, अधिवेशन लामो भएको अवस्थामा, ल्याउनै पर्ने र अत्यावश्यक समयमा मात्रै ल्याउने परिकल्पना गरेको छ ' उनले भने, संविधानको धारा ११४ ले नै अध्यादेश ल्याउने व्यवस्था गरेको छ । तर, यो सरकारले मात्रै १६ दिनको फरकमा अध्यादेश ल्याएको छ । त्यो पनि ६ वटा अध्यादेश एकैसाथ ल्याएको छ ।

सरकारले ल्याएको भूमिसम्बन्धी अध्यादेशलाई राष्ट्रपतिबाट समेत रोकिए पनि सरकारी दबाबपछि अर्को दिन जारी भएको उल्लेख गर्दै उनले भने, 'भूमिसम्बन्धी अध्यादेश चाहीँ अलिक पछि जारी गर्नुभयो । त्यो अध्यादेश संवेदनशील छ ।'

प्रवक्ता सुमनले जसपा नेपालले भूमिसम्बन्धी अध्यादेश एक नमान्ने, दुई नमान्ने र तीन नमान्ने भनेर निर्णय गरेको दोहऱ्याए । उनले अध्यादेश आउँदै गर्दा आफूहरूलाई सरकारमा जान लागेको भनेर मिडियाले लेखेकोमा भने असहमति जनाए ।

जसपा नेपालले सरकारलाई राष्ट्रिय सभामा साथ दिए सबै अध्यादेश सहजै पास हुने छ । तर जसपा नेपालले साथ नदिने कडा निर्णय लिएपछि सरकारमा रहेको लोसपाले पनि सो अध्यादेशको विरोधमा उभेको छ ।

संसदमा अध्यादेश दर्ता भएको २९ दिन भइसकेको छ । ३१ दिन भित्र संसदबाट अध्यादेश पारित गर्नै पर्ने सरकारमाथि दबाब बढेको छ । नेकपा एमालेका प्रमुख सचेतक महेश बर्तौलाले फागुन २१ गतेको बैठकमा अध्यादेश पेश गरिने बताए ।

सरकारको प्रतिष्ठाको विषय बनेको अध्यादेश पारित गराउन जसपा नेपाललाई फकाउने अथवा नेकपा एस विभाजन गर्नको विकल्प छैन । सरकारले भूमिसम्बन्धी अध्यादेशलाई प्रतिष्ठाको विषय बनाएको छ । 'अध्यादेश कुनै हालतमा फिर्ता नहुने प्रमुख सचेतक बर्तौलाले जनाएका छन् ।

भूमिसम्बन्धी अध्यादेश तत्काल फिर्ता लिन सरकारलाई सुमनले सल्लाह दिएका छन् । उनले भने, 'सरकारलाई हाम्रो निवेदन छ कि यो भूमिसम्बन्धी अध्यादेश फिर्ता लिनुहोस् । हिजो पनि फिर्ताको दृष्टान्त छ । फिर्ता नै लिन्नौं, हाम्रो इज्जतको सवाल भयो, सांसदहरू खरिद बिक्री गरेर भए पनि वा सांसद अनुपस्थित गराएर भए पनि, अहिले ट्र्याक वान र ट्र्याक टु बनाइएको रहेछ, ट्र्याक वान भनेको यही रहेछ ।' भूमिसम्बन्धी अध्यादेश फिर्ता लिइएन भने बाँकी ५ वटा अध्यादेशको विरुद्धमा मतदान गर्छौं ' उनले भने, सरकारले अध्यादेश फिर्ता लिएर सत्ता गठबन्धनलाई जोगाउनु नै उपयुक्त हुनेछ ।

सरकारलाई घेराबन्दी गरिरहेका विपक्षी दलहरु अध्यादेशलाई असफल बनाउन सकृय रहेका छन् । दल विभाजन अथवा खरिद बिक्रीको पक्षमा सरकार गए सदन र सडकमा संघर्ष चर्काउने सम्मको तयारी विपक्षीहरुको छ ।







# रिंकुको रहस्यमय मृत्युबारे प्रचण्डको चासो

गत माघ २७ गते राति शौच गर्न घरबाहिर निस्केकी रिंकुले आफू स्थानीय तीन जना युवाबाट सामूहिक बलात्कारमा परेको बताइन् । रिंकुलाई न्याय दिनुको साटो स्थानीय पञ्चायत बसेर मिलापत्र गराउन खोजेका थिए ।

**टुडे समाचारदाता**

लहान । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले सिरहाका प्रमुख जिल्ला अधिकारी र स्थानीय सुरक्षा प्रमुखसँग रिंकुकुमारी सदाको शंकास्पद मृत्युको अनुसन्धान प्रक्रियाबारे जानकारी लिएका छन् ।

'जनतासँग माओवादी, तराई-मधेश जागरण अभियान'को क्रममा सिरहामा पूर्वप्रधानमन्त्रीसमेत रहेका अध्यक्ष प्रचण्डले प्रजिअसहित सुरक्षा प्रमुखलाई बोलाएर घटनाबारे जानकारी लिएका छन् ।

उनले शोकमा रहेको परिवार र आन्दोलनमा रहेको संघर्ष समितिसँग पनि शनिबार नै भेट गरेका थिए । परिवारले हत्या नै भएको आशंका गरेकाले संवेदनशील भएर सत्यतथ्य अनुसन्धान गर्न अध्यक्ष प्रचण्डले प्रशासनलाई आग्रह गरे । जवाफमा प्रजिअ र सुरक्षा प्रमुखहरूले प्राप्त



जाहेरीका आधारमा अनुसन्धान भइरहेको र अनुसन्धान प्रक्रियामा दबाब नरहेको जनाए ।

गत माघ २७ गते राति शौच गर्न घरबाहिर निस्केकी रिंकुले आफू स्थानीय तीन जना युवाबाट सामूहिक बलात्कारमा परेको बताइन् । रिंकुलाई न्याय दिनुको साटो स्थानीय पञ्चायत बसेर मिलापत्र गराउन खोजेका थिए । उनी त्यसपछि घरमै मृत फेला परेकी थिइन् ।

मृत्युअघि रिंकुले आफूमाथि सामूहिक बलात्कार भएको बताएपछि घटना थामथुम पार्न गाउँमै पञ्चायती सभा समेत बसेको खुलेको छ । न्यायका लागि भन्दै माघ २९ मा गाउँ-समाजमा रिंकुको परिवारले छलफलका लागि डाकेका थिए । यो विषयमा मिलापत्र गर्न भन्दै हाल फरार रहेका रुपेश मण्डललाई १ लाख ५० हजार रुपैयाँ जरिवाना गर्ने निर्णय भएको थियो । तर सो निर्णयलाई पीडित परिवारजनले स्वीकारेनन् । त्यतिबेला वादविवाद समेत भएको थियो । अर्कोतर्फ रुपेशका बुवा देवानाथ मण्डलले समेत १ लाख ५० हजार रुपैयाँ तिराउने निर्णयमा सहमत भएनन् ।

माघ ३० मा फेरि पञ्चायती सभा डाकिएको थियो । त्यतिबेला नै रिंकुले रुपेशका साथै अन्य दुई जनाले आफूमाथि बलात्कार गरेको भन्दै बयान दिएको एक स्थानीयले बताए ।

अन्य व्यक्तिको पनि संलग्नता रहेको बताउँदा पनि आफ्नो छोरालाई मात्रै जरिवाना तिराउने निर्णयमा सहमति नरहेको देवानन्दले बताएका थिए । त्यसपछि झडपको स्थिति समेत आएको थियो । बलात्कार घटना मिलाउनका लागि पञ्चायती बसेर घटना थामथुम पार्न खोजिएको केही समयमै रिंकु आफ्नै घरमा मृत भेटिएकी थिइन् ।

# निर्माण व्यवसायी संघको साधारणसभा सम्पन्न



**टुडे समाचारदाता**

रौतहट । नेपाल निर्माण व्यवसायी संघ रौतहटको ८ औं साधारणसभा सम्पन्न भएको छ । निर्माण क्षेत्रको विकास र व्यवसायीहरूको हकहितका लागि क्रियाशील संघले आफ्नो नियमित साधारण सभा आयोजना गर्दै व्यवसायीहरूको समसामयिक मुद्दा, निर्माण क्षेत्रको विकास तथा भविष्यका योजनाहरूमा छलफल गरेको छ ।

नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रबि सिंह कार्यक्रमका प्रमुख अतिथि रहेका थिए । कार्यक्रममा विशिष्ट अतिथिका रूपमा मधेश प्रदेश सांसद नागेन्द्र साह, निर्माण व्यवसायी महासंघका केन्द्रीय उपाध्यक्ष शम्भु ठाकुर, नेपाल निर्माण व्यवसायी संघ मधेश प्रदेशकी अध्यक्ष मुना चौधरी, महासंघका केन्द्रीय महासचिव रौशन दहाल, उपमहासचिव शिवहरी घिमिरे, उपमहासचिव सन्तोष साह, मधेश प्रदेश उपाध्यक्ष रामप्रसाद पटेल, प्रदेश महासचिव उपेन्द्र चौधरी, नेपाल पत्रकार महासंघ रौतहट शाखाका अध्यक्ष सञ्जय कार्की, नेपाल पत्रकार महासंघ रौतहट शाखाका पूर्व प्रेमचन्द्र झा, प्रदेश सदस्य विकास विक्रम साहलगायत विभिन्न व्यक्तित्वहरूको उपस्थिति रहेको थियो ।

साधारण सभामा निर्माण व्यवसायी संघ रौतहटका वरिष्ठ उपाध्यक्ष उपेन्द्र यादव, उपाध्यक्ष उपेन्द्र कुमार, क्षेत्रीय उपाध्यक्ष प्रमोद कुशवाह, कोषाध्यक्ष बिक्रान्त नेपाल, सचिव कल्याण कार्की, सदस्य दुर्गा यादवलगायत संघका अन्य पदाधिकारीहरू उपस्थित थिए ।

## यातायातसम्बन्धी सबै समस्या समाधान गर्छौं: मुख्यमन्त्री लामा

हेटौंडा । बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामा तामाङले यातायातसम्बन्धी सबैखाले समस्या समाधान गर्न प्रदेश सरकार तयार रहेको बताउनुभएको छ ।

नारायणी यातायात व्यवसायी सङ्घको ३६औँ वार्षिक साधारणसभा तथा १६औँ अधिवेशन उद्घाटन समारोहलाई शनिबार हेटौँडामा सम्बोधन गर्दै उहाँले यातायातसम्बन्धी नियम कानुन संशोधन गरी समस्या समाधान गर्न प्रदेश सरकार तयार रहेको स्पष्ट पार्नुभयो ।

राज्यले गर्नुपर्ने धेरै काम यातायात व्यवसायी आफैँले गरिरहेको बताउँदै सवारी जाँचपास र नवीकरणलाई प्रविधिमैत्री बनाउन छलफल अगाडि बढाउन प्रदेश सरकार तयार रहेको बताउनुभयो । विदेशमा भएको प्रणाली प्रदेशमा पनि कार्यान्वयनमा ल्याउनुपर्नेमा जोड दिँदै दुर्घटना तथा बिमासम्बन्धी ऐनमा आवश्यक संशोधन गर्न प्रदेश सरकारले आवश्यक सहजीकरण गर्ने बताउनुभयो ।

बागमती प्रदेश सरकार श्रम रोजगार तथा यातायातमन्त्री प्रेमभक्त महर्जनले प्रदेशको ३० प्रतिशत राजस्वमा यातायात क्षेत्रले योगदान गरिरहेको बताउनुभएको छ । उहाँले २२ लाख सवारी चालक अनुमतिपत्र नागरिक एपमा राखिएको जानकारी दिनुभयो । अनलाइनबाटै राजस्व तिर्ने, नवीकरण गर्ने र नामसारी गर्ने व्यवस्था मिलाउने तयारीमा प्रदेश सरकार लागिरहेको उहाँले बताउनुभयो ।

सङ्घका अध्यक्ष हीरालाल श्रेष्ठले सेवामूलक संस्था भएर पनि सङ्घले नेपाल सरकारलाई कर तिर्दै आइरहेको बताउनुभयो । रासस

# भारतीय महाबाणिज्यदुत मिनाद्वारा बंगरी पुलको उदघाटन




**टुडे समाचारदाता**

वीरगञ्ज । भारत सरकारको सहयोगमा बाराको फेटा गाउपालिकामा निर्माण गरिएको बंगरी पुलको उद्घाटन भएको छ । फेटा गाउँपालिकाको वडा नम्बर १ मा रहेको बंगरी नदिको चिलझप्टी घाटमा भारत सरकारको सहयोगमा १ करोड ९६ लाख रुपैयाँको लागतमा पुल निर्माण भएको छ ।

शुक्रबार सडक डिभिजन कार्यालय होटौंडाले आयोजना गरेको बंगरी पुल उद्घाटन कार्यक्रममा भारतीय महाबाणिज्यदुत देवी सहाय मिना र संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय काठमाण्डुका सुपरिटेन्डेन्ट इन्जिनियर सुभराज न्यौपानेले पुलको संयुक्त रुपमा उद्घाटन गरे ।

भारतीय महावाणिज्यदुत मिनाले नेपाली जनताको जिवन उत्थानको लागि भारतको सहयोग सदैव जारी रहने प्रतवद्धता व्यक्त गरे । उनले बंगरी पुल परियोजना भारत नेपाल विकास साझेदारी अन्तर्गत निर्माण भएको बताए ।

मुख्य रुपमा नेपाली जनताको जिवन उत्थानको लागि सहयोगी हुने विद्यालय र अस्पताल भवन, सडक र पुल लगायत धरातलीय विकास निर्माणलाई सामुदायिक विकास परियोजनाको रुपमा भारतले नेपाललाई गर्दै आएको सहयोग राशी बढाएर २० करोड पुर्‍याइएको भारतीय महाबाणिज्य दुत मिनाको भनाइ थियो ।

उद्घाटन कार्यक्रममा बोल्दै संघीय सडक विभागका सुपरिटेन्डेन्ट इन्जिनियर सुभराज न्यौपानेले स्थानीय जनताको व्यक्तिगत, सास्कृतिक, आर्थिक जिवनलाई सहज बनाएको बताए ।

सन् २००३ देखि भारतले नेपालमा ५६३ भन्दा बढी सामुदायिक विकास परियोजनाहरु (एकआईसिडिपी) शुरू गरेको छ । नेपालको सातै प्रदेशमा जनताको आधारपुत आवश्यकतालाई पुरा गर्ने खालका स्वास्थ्य, शिक्षा, खानेपानी, केनेक्टिभिटि, स्वच्छतालगायत सार्वजनिक उपयोगिताहरुको क्षेत्रमा ४९३ परियोजनाहरु सम्पन्न गरेको छ । जसमध्ये भारत सरकारले भारतीय महावाणिज्य दूतावास, वीरगंजको कार्यक्षेत्रमा रहको ७४ वटा परियोजनालाई स्वीकृति दिएको छ । त्यसमध्ये ५६ वटा परियोजना पूरा भएको जनाएको छ ।

# रौतहटमा वडा अध्यक्षको निधन

**टुडे समाचारदाता**

रौतहट । रौतहटमा एकजना वर्तमान वडा अध्यक्षको निधन भएको छ । जिल्लाको पुर्वीक्षेत्र स्थित माधवनारायण नगरपालिकाका- ४ स्थित विष्णपूर्वा मानपुरका वडा अध्यक्ष रामदेवी मुखिया विनको शनिबार बिहान असामायिक निधन भएको छ ।

लामो समयदेखि गम्भीर प्रकृतिका रोगसँग लड्दै आएका वडा अध्यक्ष मुखियाको बिहान ७ बजे घरमै मृत्यु भएको उनका छोरा राम कलेबर मुखियाले जानकारी दिए ।

केही वर्षदेखि फोक्सोमा क्यान्सर रोगबाट ग्रस्त वडा अध्यक्षलाई उनका छोरा राम कलेबरले विभिन्न अस्पतालमा उपचार गराउँदै आएका थिए ।

नेकपा माओवादी केन्द्रबाट उनी २०७९ को स्थानीय तहको निर्वाचनमा लगातार दोस्रो कार्यकालको लागि वडा अध्यक्षमा निर्वाचित भएका थिए ।

२०७४ को चुनावमा पनि उनी माओवादीबाट नै वडा अध्यक्षमा निर्वाचित भएका थिए ।



माधवनारायणका मेयर बैजुनाथ प्रसाद यादवले उनको निधन प्रति दुःख प्रकट गरेका छन् ।

यस अघि २०७९ को निर्वाचनमा निर्वाचित रौतहटको गढीमाई, राजापुर, र ईशनाथ नगरपालिकाका एक एकजना गरी ३ जना वडा अध्यक्षहरुको निधन भइसकेको छ ।

लामो समयदेखि रिक्त रहेको उक्त तीनवटै वडाहरूमा केही समय अघि उपचुनावबाट पदपूर्ति गरिएको छ ।

# १३३ औं कवि गोष्ठी सम्पन्न

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाममा हुँदै आएको मासिक कवि गोष्ठीको १३३औँ श्रृंखला सम्पन्न भएको छ ।

मैथिली भाषा, साहित्य र संस्कृतिको प्रवर्द्धनका लागि मैथिली साहित्य समाजले निरन्तर गर्दै आएको मासिक कवि गोष्ठीको माध्यमबाट अभियानको संज्ञा दिए ।

यस पटकको गोष्ठीमा ६० भन्दा बढी चर्चित साहित्यकार तथा नवोदित कविहरूले आफ्नो सिर्जना प्रस्तुत गरे । प्रमुख वक्ताका रूपमा अयोध्याना चौधरी, डा. रेवतीरमणलाल दास, दिपक झा लगायत उपस्थित थिए । कविता वाचन गर्नेहरूमा काशीकान्त झा,



मैथिली साहित्यमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ ।

यस कवि गोष्ठीमा वक्ताहरूले जनकपुरधामलाई मैथिली साहित्य र संस्कृतिको केन्द्रका रूपमा स्थापित गर्न कवि गोष्ठीले खेलेको भूमिकाबारे चर्चा गरे । नेकपा एमाले मधेश प्रदेश सभाका संसदीय दलका उपनेता दीपेन्द्र ठाकुरले कवि गोष्ठीलाई विश्व साहित्यमा मैथिली भाषा उचाइमा पुर्याउने

सुनिल मल्लिक, डा. विरेन्द्र कुमार झा, प्रमोदानन्द झा, डा. गायत्री झा, धीरेन्द्र झा मैथिल, पुनम झा मैथिली, फुलेन्द्रलाल कर्ण, विजय यादव, वैद्यनाथ पासवान लगायतका थिए ।

सो कवि गोष्ठीले साहित्यिक आन्दोलनलाई सशक्त बनाउँदै मैथिली भाषा र संस्कृतिको संरक्षणमा महत्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ ।

**ज्योतिष-मार्गदर्शन**
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | सोचेको आटेको कामहरु बन्नेछन् । |
| वृष : | सोचेकोभन्दा आम्दानी बढ्ने देखिन्छ। परिवारको सहयोग मिल्नेछ । |
| मिथुन : | नयाँ काम गर्ने अवसर मिल्नेछ। सामाजिक मानसम्मान र प्रतिष्ठा बढ्नेछ। |
| कर्कट : | परोपकारी काममा रुची बढ्नेछ । |
| सिंह : | सहयोगीहरुले काममा साथ दिनेछन्। |
| कन्या : | साथीभाईसंग भेट हुँदा मन प्रसन्न रहनेछ । |
| तुला : | टाढाको यात्रा गर्ने मौका छ । दिगो फाइदा हुने काममा लगानी बढाउन सकिनेछ । |
| वृश्चिक : | व्यापार व्यवसायमा प्रशस्त फाइदा हुने योग रहनेछ । |
| धनु : | आर्थिक लाभ नहुने कामको जिम्मेवारी वहन गर्नुपर्ला । |
| मकर : | रोकिएका अधुरा कामहरु सुचारु हुनेछन्। |
| कुम्भ : | समाजमा मानसम्मान र प्रतिष्ठा कमाउ बेला छ । |
| मीन : | सुखदुखमा साथ दिनेहरु प्रशस्तै भेटिनेछ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

**महत्वपूर्ण टेलिफोन नम्बरहरू**
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

**रत्न सागर मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

**जानकी मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

**राम मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |




पर्साको सबैया सबडिभिजन वन कार्यालय परिसरमा रहेका काठ । यी काठ बिभिन्न समयमा चोरी तस्करी गर्नेबाट बरामद गरिएका तथा ढलेका रुखका काठ हुन् । *तस्बिरःरासस*

# शिक्षा नीति प्रदेश सरकारको प्रतिबद्धता : मन्त्री तिवारी

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशकी शिक्षा तथा संस्कृति मन्त्री रानी शर्मा तिवारीले विद्यालयमा गुणस्तरीय शिक्षा सुनिश्चित गर्नका लागि शिक्षकहरूको क्षमता विकास र पाठ्यक्रमलाई आधुनिक बनाउन आवश्यक रहेको बताएकी छन् ।



जनकपुरधाम-८ स्थित ग्यालेक्सी उच्च माध्यमिक विद्यालयको ३४औं वार्षिकोत्सव समारोहमा प्रमुख अतिथीको आसनबाट बोल्दै मन्त्री तिवारीले विद्यालयको ३४ वर्षको लामो यात्रालाई एक महत्वपूर्ण उपलब्धि मानेर बधाई दिइन् ।

उनले भनिन, 'शिक्षा हाम्रो समाजको सर्वांगीण विकासको आधार हो । ग्यालेक्सी उच्च माध्यमिक विद्यालयले ३४ वर्षमा शिक्षा क्षेत्रमा महत्वपूर्ण योगदान पुर्याएको छ ।'मन्त्री तिवारीले विद्यालयले प्रौद्योगिकीन र सांस्कृतिक क्षेत्रमा गरेका योगदानको सराहना गर्दै भविष्यमा पनि यस विद्यालयले समृद्धि र सुधारको मार्गमा अग्रसर रहनुपर्ने कुरा व्यक्त गरिन् । मन्त्री तिवारीले आफ्नो सम्बोधनमा मधेश प्रदेश सरकारले शिक्षा क्षेत्रमा सुधारका लागि विशेष ध्यान दिने कुरा पनि स्पष्ट पारिन् ।

उनले भनिन्, 'प्रदेश सरकारले शिक्षा प्रणालीलाई अधिक सुधार्न र यसको पहुँचलाई हरेक क्षेत्रका विद्यार्थीलाई उपलब्ध गराउन प्रतिबद्ध छ ।

हामीले विद्यालयहरूको गुणस्तर सुधार गर्न र विद्यार्थीलाइ एक उत्कृष्ट शिक्षा दिने लक्ष्य राखेका छौं ।'

विद्यालयका प्रधानाचार्य अमरेन्द्र झाले ३४ वर्षको यात्रामा ग्यालेक्सी उच्च माध्यमिक विद्यालयले शिक्षा, खेलकुद, कला र संस्कृतिका क्षेत्रमा उल्लेखनीय प्रगति गरेको बताउँदै भविष्यमा विद्यार्थीहरूको शैक्षिक स्तर अझ उच्च बनाउन र राष्ट्रिय स्तरमा विद्यालयलाई उत्कृष्ट बनाउने लक्ष्य राखिएको बताए । समारोहको समापनमा मन्त्री रानी शर्मा तिवारीले सबैलाई शैक्षिक प्रगति र सामाजिक समृद्धिको लागि एकसाथ अघि बढ्नको लागि आह्वान गरिन् ।विद्यालयका विद्यार्थीहरूले सांस्कृतिक कार्यक्रम, संगीत र नृत्य प्रस्तुत गरेका थिए । कार्यक्रममा विद्यार्थी, शिक्षक, अभिभावक र स्थानीय समुदायका प्रतिनिधिहरूको उत्साहजनक उपस्थितिले समारोहलाई विशेष बनायो ।

# समाजवादी युवा संघ नेपाल मधेश प्रदेशको नयाँ नेतृत्व घोषणा

**टुडे समाचारदाता**

जनकपुरधाम । जसपा निकट समाजवादी युवा संघ नेपालको मधेश प्रदेश समितिको नयाँ नेतृत्वको घोषणा गरिएको छ । बिस्तारित बैठकमा कमलेश कुमार यादवलाई अध्यक्ष र दिपु कापरलाई महासचिव चयन गरिएको हो ।

नयाँ नेतृत्वको चयनका साथै समाजवादी युवा संघ नेपालको मधेश प्रदेश समितिको संरचना पनि सार्वजनिक गरिएको छ । समितिमा १ अध्यक्ष, ४ उपाध्यक्ष, १ मुख्य सचिव, १ कोषाध्यक्ष, ५ सचिव र २८ सदस्य गरी कुल ४१ जनाको प्रदेश समिति गठन गरिएको छ ।



रौतहटका युवा नेता कमलेश कुमार यादवले अध्यक्ष पद सम्हाल्नेछन् । उनको नेतृत्वले समाजवादी आन्दोलन र युवाहरूको सक्रियतामा योगदान दिने आशा व्यक्त गरिएको छ । त्यस्तै, दिपु कापर महासचिवको रूपमा प्रदेशको नेतृत्व गर्दै संघको कार्यसमिति र योजनाहरूलाई अझ प्रभावकारी बनाउन प्रतिबद्ध रहेको बताएका छन् । नयाँ गठन भएको समिति कार्यक्रममा प्रमुख उपाध्यक्षहरूका रूपमा सन्तोष यादव, धर्मनाथ महतो, पुर्ण यादव र राजु साह रहेका छन् ।

अन्य महत्वपूर्ण पदमा मुख्य सचिवको रूपमा उमेश यादव, कोषाध्यक्षमा रेखा यादव र सचिवका रूपमा लक्ष्मी देवी यादव, उमेश यादव र राजीव साह चयन भएका छन् ।

समाजवादी युवा संघ नेपालको नयाँ नेतृत्वले युवाहरूसँग मिलेर समाजवादी मूल्य र सिद्धान्तको प्रचार र मधेशको सामाजिक र राजनीतिक विकासमा युवा शक्ति प्रयोग गर्ने प्रतिवद्धता जनाएका छन् । यसका साथै संघले युवाहरूलाई संघर्ष र समाज परिवर्तनमा सक्रिय बनाउने, युवाको नेतृत्वमा समाजवादी विचारधाराको प्रचार र समाजको समग्र उत्थान गर्ने कार्य योजनाहरू अघि सार्नेछ ।

नयाँ नेतृत्वको चयनसँगै समाजवादी युवा संघ नेपालको मधेश प्रदेशको योजनामा युवा सशक्तिकरण र राजनीतिक चेतना विकासका महत्वपूर्ण कार्यहरूलाई प्राथमिकता दिइने बताइएको छ ।

# 'पत्रकारले सभ्य समाज निर्माणका पक्षमा कलम चलाउनुपर्ने'




बारा । मधेस प्रदेशसभाका सभामुख रामचन्द्र मण्डलले पत्रकारले सभ्य समाज निर्माणका पक्षमा कलम चलाउनुपर्ने बताउनुभएको छ । आदिवासी जनजाति पत्रकार महासङ्घ (फोनिज) मधेसको पाँचौँ साधारणसभालाई सम्बोधन गर्दै उहाँले पत्रकारले समाजमा सकारात्मक परिवर्तन ल्याउने गरी सामग्री सम्प्रेषण गर्नुपर्नेमा जोड दिनुभयो ।

सभामुख मण्डलले सरकारले गरेका काम र आवाजविहीन नागरिकको आवाज सञ्चारमाध्यम र पत्रकार बन्नुपर्ने धारणा राख्नुभयो ।

उहाँले समाजमा परिवर्तन ल्याउने सन्दर्भमा पत्रकारको भूमिका जहिले पनि सकारात्मक हुनुपर्नेमा जोड दिनुभयो । पत्रकारिता नाफामुखी नभई समाजलाई परिवर्तनको दिशामा लान, विकृति, विसङ्गतिलाई चिर्दै सभ्य समाज निर्माणका लागि हुनुपर्ने उहाँको भनाइ छ ।

सभामुख मण्डलले सामाजिक सञ्जालसम्बन्धी विधेयक पत्रकारलाई नियन्त्रण गर्न नभई समाजमा विकृति, विसङ्गति फैल्याउँदै द्वन्द्वको अवस्था सृजना गर्ने प्रयोगकर्ताहरूका लागि ल्याइएको बताउँदै राज्यलाई अन्योल र भ्रममा राख्नेहरूका विरुद्धमा ल्याइएको उल्लेख गर्नुभयो ।

शनिबार आयोजित उक्त साधारणसभामा फोनिजले चारजना पत्रकारलाई पुरस्कृत गरेको छ । फोनिजले सञ्चारक्षेत्रमा लामो समयदेखि कार्यरत पत्रकार सत्यप्रसाद श्रेष्ठ र रीना आलेलाई देवनारायण गनिया स्मृति पत्रकारिता पुरस्कारबाट पुरस्कृत गरेको हो । साथै क्रिएटिभ क्रियाशील पत्रकारिता पुरस्कारबाट लक्ष्मी चौधरी र डम्बर राईलाई पुरस्कृत गरेको फोनिजका मधेस प्रदेश अध्यक्ष दुष्यन्त चौधरीले जानकारी दिनुभयो ।

फोनिजका वरिष्ठ केन्द्रीय उपाध्यक्ष लक्की चौधरी, प्रदेशसभा सदस्य देवनारायण चौधरी, त्रिलोकी चौधरी, मञ्जु थापा मगर, नागरिक उन्मुक्ति पार्टीका मधेस प्रदेश अध्यक्ष रामचन्द्र चौधरी, नेपाल पत्रकार महासङ्घका लेखा संयोजक केसी लामिछाने, केन्द्रीय सदस्य सिकेन्द्र पासवान, मधेस प्रदेशका अध्यक्ष श्याम बन्जारालगायत वक्ताले साधारणसभाको सफलताको शुभकामना व्यक्त गर्नुभएको थियो ।रासस

# रिङ्कु सदालाई न्याय दिन माग

काठमाण्डु । राजेन्द्र महतो नेतृत्वको राष्ट्रिय मुक्ति पार्टीले सिरहाको नवराजपुर गाउँपालिका-१ भगवतीपुरकी १७ वर्षीया रिङ्कुकुमारी सदाको सामूहिक बलात्कार र शङ्कास्पद मृत्यु घटनाका दोषीलाई कडाभन्दा कडा कारबाही गर्नुपर्ने माग गरेको छ । अध्यक्ष महतोले आज विज्ञप्ति जारी गरी सो घटनाका अपराधीलाई संरक्षण दिन खोजिएको आशङ्का व्यक्त गर्दै कडा कारबाही हुनुपर्ने माग गर्नुभएको हो ।

गत माघ २७ गते राति शौचका लागि घरबाहिर निस्केकी रिङ्कु स्थानीय तीन युवाबाट सामूहिक बलात्कारमा परेकी थिइन् । गत माघ ३० गते साँझ पीडित किशोरी आफ्नै घरमा झुण्डिएको अवस्थामा मृत भेटिएकी थिइन् ।

विज्ञप्तिमा भनिएको छ, "हामीले यो रिङ्कु दासको घटनालाई नजिकबाट हेरिरहेका छौँ, यस्तो जघन्य अपराधप्रति यतिका दिन बितिसक्दा पनि सरकारको गम्भीरता देखिएको छैन, अपराधीलाई संरक्षण दिने, प्रमाण नष्ट गर्ने वा घटनालाई राजनीतिक संरक्षण दिने जुनसुकै प्रयासलाई हाम्रो पार्टी कडा विरोध गर्दछ ।"

सो पार्टीले सो घटनाबारे सम्बन्धित निकायले निष्पक्ष, पारदर्शी र प्रभावकारी छानबिन गरी पीडित परिवारलाई शीघ्र न्याय दिलाउनुपर्ने माग गरेको छ ।

अपराधलाई रोकथाम गर्न कडा नीति अवलम्बन गर्नुपर्ने अध्यक्ष महतोको भनाइ छ । पार्टीले न्यायका लागि सङ्घर्षरत सबै नागरिक, अधिकारकर्मी र न्यायप्रेमी सङ्घसंस्थासँग ऐक्यबद्धता जनाउँदै, रिङ्कु सदा हत्याकाण्डलगायत अन्यायविरुद्ध सशक्त दबाब सृजना गर्न आग्रह गरेको छ ।रासस

# राष्ट्रिय विद्यार्थी मञ्चद्वारा संगठन विस्तार

**टुडे समाचारदाता**

जनकपुरधाम। शिक्षा सुधार र विद्यार्थी हकहितका सवालमा सक्रिय रहेको राष्ट्रिय विद्यार्थी मञ्चले संगठन विस्तारलाई तीव्र बनाएको छ । यसै क्रममा मञ्चले आज राराब क्याम्पस जनकपुरधाममा इकाई कमिटी गठन गरेको छ ।

२२ सदस्यीय इकाई कमिटीको अध्यक्षतामा आरती झा चयन भएकी छन् ।

कमिटी गठन कार्यक्रममा राष्ट्रिय मुक्ति पार्टी नेपालका नेता संजय कुमार चौधरी, दिपक झा, समीर सिद्दीकी लगायतका नेताहरूको उपस्थिति रहेको थियो ।विद्यार्थी नेताहरूले गुणस्तरीय शिक्षा, उचित शुल्क व्यवस्था, छात्रवृत्तिको सहज पहुँच र शिक्षण संस्थाहरूमा पारदर्शिता कायम गर्न मञ्चले निरन्तर आवाज उठाउने प्रतिबद्धता व्यक्त गरेका छन् ।



राष्ट्रिय विद्यार्थी मञ्चले हालको शिक्षा प्रणालीमा सुधारको माग गर्दै नयाँ रणनीति तयार पारेको छ । संगठनका नेताहरूले निजी तथा सरकारी शिक्षण संस्थाहरूमा विद्यार्थीमैत्री नीति लागु गराउने, सुविधा सम्पन्न पुस्तकालयको स्थापना र शिक्षक-विद्यार्थी सम्बन्ध सुधार गर्न दबाब दिने बताएका छन् ।

स्ववियु निर्वाचनलाई केन्द्रमा राख्दै संगठनले विद्यार्थीहरूलाई संगठित गर्दै शिक्षा सुधार र संस्थागत विकासका लागि दबाबमूलक कार्यक्रम सञ्चालन गर्ने योजना बनाएको छ ।राष्ट्रिय विद्यार्थी मञ्चका नेताहरूले भने, 'हामी केवल चुनावका लागि नभई विद्यार्थी अधिकार र शिक्षाको स्तर उकास्न निरन्तर संघर्ष गर्नेछौं ।संगठन विस्तारसँगै नयाँ मुद्दाहरू उठान गर्दै शैक्षिक सुधारका लागि रणनीतिक अभियान चलाइने मञ्चले जनाएको छ ।

# आजदेखि रमजान सुरु



विराटनगर । इस्लाम धर्मावलम्बीहरूको महान् पर्व रमजान मुबारक महिना भोलिदेखि सुरु हुँदैछ ।

एक महिनासम्म चल्ने यो पर्वमा मुसलमानहरू दिनमा निराहार बस्छन् । रोजा बस्न मुसलमानहरूको उर्दू क्यालेण्डरअनुसार सूर्योदयभन्दा पहिले अर्थात् बिहानको नमाज पढ्नुअगावै केही खानेकुरा खाई प्रारम्भ हुने रोजा बेलुकाको नमाज (मगरिब)को आजान सुनेर खोल्ने चलन छ ।

निराहार बस्नुलाई रोजा भनिन्छ । रोजाको समय दैनिक सूर्य उदाउने र अस्ताउने समयसँगै समयतालिका पनि परिवर्तन भइरहन्छ । रोजा बस्न बिहान तोकिएको समयअगावै र बेलुका तोकिएको समयपछि आहार लिने गर्दछन् । उर्दू क्यालेण्डरअनुसार हिजरी संवत्को रमजान महिना नवौँ महिना हो । रमजान महिनामा नै मुसलमानहरूको सबैभन्दा ठूलो ग्रन्थ कुरान अवतरण भएको हो भने यो महिनामा अल्लाहको कृतज्ञता प्राप्त हुने विश्वास लिएको छ ।

दान दिनु गरिब र दीनदुःखीको सेवा गर्नु, जकात निकाल्नु यो महिनाको विशेषता हो ।

व्रत बस्न आज साँझ मुसलमानहरूले चन्द्रमा हेर्ने गर्छन् । शरीरलाई चोखो राखेर मात्र रोज बस्नुपर्ने मान्यता छ । त्याग, तपस्या र बलिदान सबै जोडिने यो पर्वमा मुसलमानहरु रोजा बस्नुलाई गर्व मान्दछ ।रासस

# हावाहुरी र वर्षाले खेती नष्ट गरेपछि भारदहका किसान चिन्तित

तिलाठी । बैमौसममा परेको वर्षासँगैको असिना र हावाहुरीले मकै, गहुँलगायत कृषिउपज नष्ट गरेपछि यहाँका किसान चिन्तित बनेका छन् । केही दिनअघि आएको हावाहुरी र असिनापानीका कारण बाली नष्ट गरेपछि किसान चिन्तित बनेका हुन् ।जिल्लाको हनुमाननगर कङ्कालिनी नगरपालिकाका-१ भारदहका फुलेन्द्र राउतले व्यापार छोडेर नौ बिघामा मकै र गहुँखेती गर्नुभएको थियो । हावाहुरी, वर्षा र असिनाले खेतमा लगाइएको अधिकांश बाली नष्ट गरेपछि आम्दानीको स्रोत के हुने भन्ने चिन्ता बढेको उहाँले बताउनुभयो ।


कृषि पेसाबाट आम्दानी गर्ने उद्देश्यले व्यापार छाडेर खेतीमा लागेको बताउँदै उहाँले गहुँखेतीमा रु एक लाख लगानी गरेको जानकारी दिनुभयो । "मकैमा लगाउँदा प्रतिकट्ठा ६० किलो खाद्य (बीउ) आवश्यक पर्दछ । करिब छ बिघा अर्थात् एक सय २० कट्ठामा सात हजार दुई सय किलो बीउ लागेको थियो, अन्य लगानी पनि छँदैछ", राउतले भन्नुभयो । गहुँ फूल लाग्ने बेलामा झरेकाले फल्ने आशा नरहेको उहाँले बताउनुभयो । मकैमा पनि केही हुने हो वा होइन अन्योल रहेको उहाँको भनाइ छ ।



भारदहका अर्को किसान अशोक माझीले पनि डेढ बिघामा गहुँ र १० कट्ठामा मकै लगाउनुभएको छ । करिब ३६ प्रतिशत ब्याजदरमा गाउँमा रु एक लाख २० हजार ऋण लिएर खेती सुरु गरेको बताउँदै उहाँले बाली सबै नष्ट भएपछि ऋण कसरी तिर्ने भनेर चिन्ताले सताएको उल्लेख गर्नुभयो । "उब्जा भएपछि मकै बेचेर सबै ऋण तिरिदिन्छु र गहुँले आफ्नो परिवारलाई पुगेर केही आम्दानी पनि हुन्छ भने आशा थियो तर वर्षा र असिनाले सब सखाप गरिदियो", माझीले भन्नुभयो, "अहिले त आफ्नो परिवारलाई खान पुग्ने उत्पादन भए हुन्थ्यो भन्ने कामना छ ।"

यहाँका वासुदेव लौगीको अवस्था पनि उस्तै छ । उहाँले पनि गाउँमा६० हजार ऋण लिएर एक बिघामा गहुँ र मकै खेती गर्नुभएको थियो । उहाँका अनुसार उब्जाको आश भने समाप्त भइसकेको छ । यसअघि असोजमा कोशीमा आएको बाढीले कृषकको मेहनत बगाएको थियो भने अहिलेको वर्षाले गहुँ, मकै र केराखेती नष्ट गरेको छ । यी तीनजना उदाहरण पात्र मात्र हुन् । हनुमाननगर कङ्कालिनी-१ का वडाध्यक्ष सुरेन्द्र मण्डलका अनुसार वर्षा र असिनाले भारदहका दुई सय बढी किसान प्रभावित बनेका छन् । उहाँले कृषकको अवस्था दयनीय रहेको भन्दै यस्ता विपद्का घटनाले उहाँहरूलाई थप पीडा दिने गरेको बताउनुभयो ।

वडाको बजेटबाट कृषकका लागि केही खास गर्न सक्ने अवस्था नरहेको भन्दै मण्डलले पीडित किसानको राहतका लागि प्रदेश र सङ्घ सरकारसँग आग्रह गरेको बताउनुभयो । उहाँले प्रदेश र सङ्घ सरकारले स्थानीय तहसँग समन्वय गरी पीडित किसानलाई राहत उपलब्ध गराउनुपर्नेमा जोड दिनुभयो ।रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# मधेशी दलप्रतिको माओवादी आक्रोश

'जनतासँग माओवादी, तराई मधेश जागरण अभियान' अन्तर्गत तराईको उपेक्षित लाइफलाइन हुलाकी सडक केन्द्रित कार्यक्रम गरिरहेको माओवादीले मधेशवादी दलहरुलाई प्रति खनिएका छन् । कुनै बेला मधेशसित लभ परेको र अहिले मधेश आफ्नो माइती भएको बखान गरिरहेका माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले मधेशका दलहरु विघटनतर्फ उन्मुख रहेको उल्लेख गर्दै जनता र मधेशका लागि केही नगरेको उनको आरोप छ । मधेशको सक्कली हिमायती माओवादी भएको दाबी गर्दै प्रचण्डले मधेशी दलहरुलाई नक्कली भएको बताएका छन् । उनी सरकारको भन्दापनि मधेशी दलहरु विरुद्ध खनिएका छन् । प्रचण्डले कुनै एउटा मधेशी दलका नेता नलिए पनि समग्रमा उनले सबै मधेशी दलको आलोचना गरिरहेका छन् । अध्यक्ष प्रचण्डलगायत माओवादीका शीर्ष नेताहरुको सहभागिता रहेको सो अभियानमा भने माथिल्लो तहमा माअेवादीले मधेशीलाई स्थान नदिएको पनि प्रष्ट देखिन्छ । देशैभरि माओवादीको अत्यन्त कमजोर अवस्था रहेको बेला सिरहा जिल्लाबाट जितेर इज्जत जोगाएका प्रचण्ड प्रधानमन्त्री पनि बनेका थिए । उनले सिरहा जिल्लाको विकासका लागि धेरै घोषणाहरु पनि गरेका थिए । तर उनले सिरहा जिल्लामा कुनै विकास गरेनन् । माओवादी वास्तवमा मधेश र मधेशी विरोधी हो । पटक पटक प्रधानमन्त्री बनेका प्रचण्ड मधेशका लागि कुनै ठोस निर्णय गरेका छैनन् । उनलाई प्रधानमन्त्री बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने जनता समाजवादी पार्टी(जसपा)नेपालका अध्यक्ष उपेन्द्र यादवलाई पिठ्युमा छुरा हानेका छन् । प्रचण्डलाई प्रधानमन्त्री बनाउने प्रमुख योजनाकार रहेका यादव उनको सरकारमा मन्त्री भएर विदेशमा रहेको बेला उनले जसपा नेपाललाई विभाजन गराए । प्रचण्डमा राजनीतिक स्थिरता छैन । उनले आफ्नो निजी स्वार्थका लागि कसैलाई पनि धोका दिन सक्छन् । माओवादी पार्टीमा समेत मधेशी दोस्रो दर्जाको नागरिक सरह छन् । माओवादीको जनयुद्ध लगायतका हरेक संकटमा मधेशी नेताहरुले बलिदान दिएका छन् । तर कुनै मधेशी नेतालाई माओवादीले पार्टी र सरकारमा उच्च समान दिएन । मधेशमा प्रचण्डले संगठन बनाउन चलाएको अभियान फलदायी हुन सक्छ । तर त्यसले मधेशीप्रतिको माओवादी दृष्टिकोणमा कुनै परिवर्तन ल्याउने छैन । प्रचण्डले मधेशीलाई उपयोग गर्ने र फाल्ने (युज एण्ड थ्रो)गरिरहेका छन् । माओवादीले मधेशीलाई सबै क्षेत्रमा उपेक्षा गरेको छ । संघीयताको हिमायती बताए पनि माओवादीले त्यसलाई संस्थागत गर्न कुनै ठोस कार्य गरेको छैन । उनी पछिल्लो पटक सरकारबाट हटाइँदा मधेशीहरुको सहयोग र समर्थन नपाएको आक्रोश दलहरुप्रति व्यक्त गरिरहेका छन् । जसपा नेपाललाई विभाजित गरेर गौरवान्वित भएका प्रचण्डलाई अहिले मधेशी दलहरुले विश्वास नगरेपछि आक्रोशित भएका हुन् । एमाले, कांग्रेस र माओवादी मधेशप्रति सकारात्मक छैन । यो यथार्थ मधेशीले बुझ्नै पर्छ ।

# खेरो सूचीमा पर्दा मुलुकको छविमा आघात



**प्रभाषचन्द्र झा**
**वरिष्ठ पत्रकार**

अन्तर्राष्ट्रिय संस्था फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटीएफ)ले नेपाललाई 'ग्रे लिष्ट' (खेरो सूची)मा राखेको छ । नेपालसहित पच्चीस मुलुकलाई सो संस्थाले खेरो सूचीमा पारेका छन् । आर्थिक गतिविधि पारदर्शी नभएको, अवैध ढङ्गले रकम भित्रिने गरेको, आतङ्कवादी गतिविधिलाई बढावा दिनका लागि रकम खर्चिने गरेको अवस्थामा सो संस्थाले पहिले सचेत गराउँछ, त्यसपछि खेरो सूची र अन्तिममा कालो सूचीमा पार्छ । नेपालले आर्थिक मापदण्डको परिपालनामा चुकेको र भ्रष्टाचार नियन्त्रणका लागि आवश्यक कानुन नबनाएकाले सो सूचीमा समावेश गरिएको हो । दुई बर्ष पहिले पाकिस्तान, एक बर्ष पहिले संयुक्त अरब अमीरात, जुन २०२४मा जमैका, टर्की अहिले भर्खर, २१ फरबरीमा फिलिपिन्स सो सूचीबाट बाहिरिए र नेपाल सोही दिन सो सूचीमा परेको हो । कालो सूचीमा एकमात्र उत्तरी कोरिया छन् । नेपाललाई सो सूचीबाट निस्कनका लागि दुई बर्षको समय तोकिएको छ । एफएटीएफकी अध्यक्ष एलिसा मद्राजोले नेपाल आगामी दुई बर्षसम्म 'ग्रे लिष्ट'मा रहने घोषणा गरेकी छन् । अव, नेपाललाई सम्पति शुद्धीकरणका लागि आवश्यक कानुन निर्माण र कार्यान्वयन, भ्रष्टाचार नियन्त्रणका साथै गलत तरिकाबाट नेपालमा भित्रिने धनको सन्दर्भमा पनि कडा कानुन निर्माणसँगै कार्यान्वयनमा जानुपर्छ । उदाहरणका लागि, अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले नेपालमा धर्म परिवर्तनका लागि अमेरिकाले लाखौं डलर पठाएको भिडियोमार्फत सार्वजनिक गरेको थियो । त्यस्तै, गत बर्ष भारतमा लोकसभाको निर्वाचनमा भारतीय जनता पार्टीलाई हराउनका लागि नेपालमा अवैध ढङ्गले पाँच लाख डलर पठाइएको थियो । यस्ता अनिधिकृत रकम भित्रिएपछि एफएटीएफको निगरानीमा पर्छ । नेपालमा त्यसरी अवैध रकम भित्रिएको खवर सार्वजनिक भएपनि नेपाल सरकारले मौंन धारण गरेको छ । जवकी अनुसन्धान गरी कारवाहीको प्रक्रिया अगाडि बढाउनुपर्ने हो । अहिले 'त पनि चुप, म पनि चुप' सत्तापक्ष र प्रतिपक्षले अपनाएको देखिन्छ । ट्रम्पले नेपालका नेताहरुलाई निल्नु न ओकल्नु अवस्थामा पुऱ्याएको छ । यो अत्यन्त लाजमर्दो कुरो हो ।

सन् १९८९मा जि- सेभेन राष्ट्रको पहलमा सम्पति शुद्धीकरणका लागि आवश्यक मापदण्ड निर्धारण गऱ्यो । आर्थिक गतिविधिमा अवैध कारोवारलाई निरुत्साहित पार्ने, आतङकवादका लागि रकम उपलब्ध हुन नदिन उक्त संस्थाले निगरानी गर्छ । यसको मुख्य कार्यालय फ्रान्समा छ । खेरो सूचीमा परेका मुलुकले एफएटीएफको दिएको सुझावअनुसार कार्य नगरेको खण्डमा कालो सूचिमा राखिन्छ । एफएटिएफको उद्देश्य सम्पति शुद्धीकरण, आतङ्कवादलाई वित्तीय मदत र अन्तर्राष्ट्रिय वित्तीय प्रणालीमा पर्ने खतराबाट जोगिन आवश्यक कानुनी उपचार, नियामक र परिचालन उपायहरुको प्रभावकारी कार्यान्वयनलाई प्रवर्द्धन गर्नु हो ।

एफएटीएफ सूचीमा नेपाल परेकाले अन्तर ािष्ट्रिय जगतमा नेपालको छविमा नकारात्मक प्रवाह परेको छ । तेस्रो मुलुकको नजरमा नेपालमा कानुनी व्यवस्था फितलो रहेको र राज्यको रकमको दुरुपयोग हुने गरेको सन्देश प्रवाह भएको छ । खेरो सूचीको कारण नेपाललाई हेर्ने दृष्टिकोण पनि फेरिने छ । नेपालमा आर्थिक अनियमितता, वित्तीय अनुशासन नभएको, भष्ट्राचार नियन्त्रण र सम्पति शुद्धीकरणका लागि आवश्यक कानुनको अभाव, आवश्यक कानुन निर्माणमा सरकारको उदासिनता र मुलुकमा आर्थिक क्षेत्रमा पारदर्शी हुन नसक्नु नै मुख्य कारक रहेको देखिन्छ ।

नेपाल पहिलो.पटक सन् २०११मा 'ग्रे लिष्ट'मा परेको थियो । सन् २०१४सम्म सो सूचीमा रह्यो । सम्पति शुद्धिकरणलगायत कालोधन रोक्ने सन्दर्भमा कानुन निर्माणगर्ने भनेर एफएटीएफसमक्ष प्रतिबद्धता जनाएपछि सो सूचीबाट बाहिरिएका थिए । नेपाललाई खेरो सूचीमा अचानक राखिएको होइन् । एफएटिएफले ९ नोवेम्बर २०२३ मैं नेपाललाई पत्र पठाई विद्यमान कानुनमा सुधार, सम्पति शुद्धीकरण र ठूला अपराधमा जोडिएका व्यक्तिमाथि कारवाहीलगायतका विषयमा ठोस कदम उठाउन सचेत गराएको थियो ।

एफएटीएफको एशिया प्यासिफिक समूहले विद्यमान कानुनी व्यवस्था प्रभावकारी नभएको, सम्बन्धीत निकायहरु राम्रोसँग काम गर्न नसकेको, उच्चपदस्थ र राजनीतिक पहुँच राख्नेहरु कारवाहीको दायरामा नआएको भनेर त्यस क्षेत्रमा सुधारका लागि नेपाललाई पत्रमा सुझाव दिएको थियो । एक बर्षसम्म सुधार नगरेपछि अन्ततः नेपाललाई जोखिमपूर्ण मुलुकमा राख्ने भनेर सोही बेला चेतावनी दिएको थियो । एफएटीएफको एशिया प्यासिफिक समूहले अपराधजन्य क्रियाकलापबाट आर्जन हुने धनमाथिको निगरानी र कानुनी कारवाही प्रभावकारी नभएको भन्दै दसवटा क्षेत्रमा सम्बोधन गर्नुपर्ने सुझाव दिएको बुझिएको छ । एफएटीएफले सम्पति शुद्धीकरण र आतङ्कवाद तथा अन्य अपराधमा वित्तीय लगानीविरुद्ध सार्वजनिक सचेतना कार्यक्रम गर्न र जोखिमक्षेत्रमा अनुसन्धानलाई प्राथमिकता दिन सुझाव दिएको थियो । यसका साथै, आन्तरिक नियन्त्रण प्रणाली सुधार गर्न, कसुरजन्य सम्पति व्यवस्थापनको विषयमा संवेदनशील हुन, भ्रष्टाचार, कर छली, मानव तस्कर, लागूऔंषध, वातावरणीय अपराध एवम् सीमा अपराध घटाएर क्षमता विकास गर्न र पारस्परिक कानुनी सहायताको काम प्रभावकारी बनाउनसमेत सुझाव दिएको थियो ।

गत, बर्षनै सम्पति शुद्धीकरण र लगानीको वातावरणसम्बन्धी कानुन पारित हुनुपर्ने थियो । प्रतिनिधिसभामा पेश भएको सम्पति शुद्धीकरणसम्बन्धी विधेयकलाई गत, बैशाखमैं कानुन समितिले टुङ्ग्याएर प्रतिनिधिसभामा पठाएपनि दस महिना वितिसक्दा पनि विधेयक संसदबाट पारित हुन सकेको छैन् ।

सत्ता स्थायित्व नहुँदा सरकारको नेतृत्व पक्ष जहिलेपनि सरकार कसरी बचाउने सम्बन्धमा तल्लीन रहन्छ । प्रतिपक्षलाई जसरीपनि सरकारमा पुग्ने लहड छ । सत्तामैं रमाउने सवैको दलको प्रवल ईच्छाको खेलमा एफएटीएफको सुझाव मानसपटलबाट विस्मृत भयो भन्नुबाहेक के भन्न सकिन्छ र, । राजनीतिक दललाई देशको मान सम्मानको ख्याल भएको भए सम्पति शुद्धीकरणका लागि आवश्यक कानुनको निर्माण गरी सो कानुनको कार्यान्वयन प्रभावकारी ढङ्गले गर्नुपर्ने थियो । एफएटीएफले खोजेको कानुन र सोको इमान्दारीपूर्वक कार्यान्वयन भयो भने अधिकांस नेता र तलदेखि उच्च पदस्थ कतिपय कर्मचारी कारवाहीमा पर्ने खतरा छ । अनिधिकृत रुपमा भित्रिएका सम्पतिको खोजविन इमान्दारीपूर्वक भयो र अर्कोतर्फ, व्यापारिकलगायत विभिन्न क्षेत्रमा सरकारी राजस्व हिनामिना गर्ने, लुकाउनेजस्ता गतिविधिमाथि नियन्त्रण र कारवाही भयो भने सम्भवतः लाखौंको सङ्ख्यामा व्यक्तिहरु कारागारमा थन्किने छन् । कानुन बनाउनेहरु स्वयं खाल्डोमा पर्ने चिन्ता पनि छ । सोही कारणले कतै नेताहरु तर्सिएर आफूपनि फस्न सकिने किसिमका कानुन निर्माणगर्न हिच्चकिचाइरहेको त होइन भन्ने प्रश्न उठ्नु स्वभाविक छ ।

> ग्रे लिष्टमा परेपछि नेपालको छविमा आघात मात्रै परेको रहेनछ । सो कारणले अन्तर्राष्ट्रिय कारोवारमा प्रत्यक्ष प्रभावपर्ने सम्भावना छ । नेपालमा लाखौं मानिसहरु रोजगारका लागि खाँडीलगायतका मुलुकमा छन् । उनीहरुले पठाउने विप्रेशनमा अव शुल्क बढ्ने सम्भावना छ । आयात निर्यातका साथै विदेशी ऋणको ब्याजदरपनि बढ्ने छ । अन्तर्राष्ट्रिय मुद्रा कोष कोष, विश्व बैङ्कलगायत ऋण दिने निकाय र देशले नया नया शर्त राख्नेछ । सो कारण नेपालले खोजेअनुरुपको ऋण पाउन कठिनाई हुनेछ ।

### नेपालको अर्थतन्त्र

नेपालको अर्थतन्त्र अधोगतिमा पुगेको छ । कृषि मुलुक भनिएपनि कृषकको आर्थिक अवस्थामा सुधार हुन सकेन । अर्बौ मूल्यको बर्षेनी खाद्यान आयात हुन्छ । तर, अधिकांस कृषि कर्मचारीको आर्थिक अवस्था सुखमय छ भने कतिपय किसानको उठिवासको अवस्था छ । कर्मचारी मोटाउँदै, किसान दुब्लाउँदै गएको अवस्था नै नेपालको अर्थतन्त्रको वास्तविकता हो । अन्य निकायको के चर्चा गर्नु ? सवैको अवस्था कृषिजस्तै छ । एफएटिएफले यस्ता गलत आर्थिक उपार्जन हुन नदिनका लागि कडा कानुन ल्याउन नैतिक दवाव सृजना गर्न खोजेको छ । उक्त, संस्थालाई जानकारी छ कि नेपाल भ्रष्टाचारमा चुर्लुम्म डुबेको छ ।

नेपालमा भ्रष्टाचारको जड बलियो हुँदै गएको छ । यसका साथै, गैरकानुनी तरिकाबाट सम्पति आर्जन, वित्तीय लगानी प्रायः पारदर्शी नहुनु र राजस्व छलीजस्ता गतिविधिलाई रोक्नमा सरकार खोजे अनुरुपको सफलता पाउन नसकेको हो । उच्चपदमा पुगेका व्यक्तिको चल अचल सम्पतिमा व्यापक बृद्धि कसरी भयो भन्ने सम्बन्धमा सरकारले कडा निगरानी राख्न नसकेको हो । उजुरी परेपछि सम्बन्धित निकायबाट छानविन शुरु हुन्छ । तर, अनुसन्धानको दायरा फराकिलो हुन नसक्नु र राजनीतिक दवावपनि पर्ने गरेको बारम्बार आरोप लाग्ने गर्छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राजस्व अनुसन्धान विभाग र सम्पति शुद्धीकरण अनुसन्धान विभागजस्ता जिम्मेवार निकायले अनिधिकृत रुपमा सम्पति आर्जनलगायतका विषयमा नियन्त्रणका लागि ठोस कदम चाल्न नसकेको आरोप लाग्ने गर्छन् । अर्कोतर्फ, आवश्यक कानुन निर्माणमा सरकारद्वारा ढिलाई हुनु चिन्ताको विषय हो ।

भारतको प्रवर्तन निर्देशनालय, सेन्ट्रल ब्यूरो आँफ इनभेष्टिगेसन (सिबिआई) र राजस्व विभागलाई अवैध रुपैयाँ लुकाएर राखेको विश्वस्त सूत्रको आधारमा मन्त्री, उद्योगपति, व्यापारी, कलाकारलगायत जो कोहीको घरमा छापेमारी गर्न पाउँछन् । ति निकायले नौं महिनाअघि भारतको झारखण्ड राज्यको मन्त्री आलमगिरको नोकरको घरमा अप्रत्यासित रुपमा छापा मारेर ३० करोड रुपैयाँ बरामद गऱ्यो । उक्त, रकम सो मन्त्रीले लुकाएर राखेका थिए । कर्णाटकका मन्त्री शिवकुमारको घरमा राजस्व विभागले छापा मारेर पाँच करोड रुपैयाँ बरामद गरेको थियो । सन् २०२२मा पश्चिम बङ्गालको मन्त्री पार्थ चटर्जीकी सहयोगी अर्पिता मुखर्जीको घरमा प्रवर्तन निर्देशनालयले छापा मारेर २० करोड रुपैयाँ बरामद गरेको थियो । भारतमा यसरी छापामारीका घटना निरन्तर रुपमा भइरहन्छन् । नेपालमा किन हुँदैन ??? यस किसिमका कदम सम्बन्धित निकायहरुले चालेको भए, नेपाल आज ग्रे लिष्टमा पर्ने थिएन् । सामान्य पदमा काम गर्ने कतिपय कर्मचारीको आलिशान भवन छन् । उच्च पदस्थ कर्मचारी र कतिपय ठूला नेताको काठमाडौंलगायत विभिन्न शहर भव्य महल र महङ्गो जग्गा छन् । व्यापार र उद्योगमा लगानी गरिएको छ । ति सम्पति कसरी आर्जन भयो भनेर स्रोत खोजि हुनुपर्ने होइन् र, ।

ग्रे लिष्टमा परेपछि नेपालको छविमा आघात मात्रै परेको रहेनछ । सो कारणले अन्तर्राष्ट्रिय कारोवारमा प्रत्यक्ष प्रभावपर्ने सम्भावना छ । नेपालमा लाखौं मानिसहरु रोजगारका लागि खाँडीलगायतका मुलुकमा छन् । उनीहरुले पठाउने विप्रेशनमा अव शुल्क बढ्ने सम्भावना छ । आयात निर्यातका साथै विदेशी ऋणको ब्याजदरपनि बढ्ने छ । अन्तर्राष्ट्रिय मुद्रा कोष कोष, विश्व बैङ्कलगायत ऋण दिने निकाय र देशले नया नया शर्त राख्नेछ । सो कारण नेपालले खोजेअनुरुपको ऋण पाउन कठिनाई हुनेछ ।

नेपालप्रति तेस्रो मुलुकको विश्वसनीयतामाथि प्रश्न ठडिएको छ । खेरो सूचीबाट चाँडैभन्दा चाँडै निस्कनका लागि एफएटीएफले राखेका शर्तलाई कार्यान्वयनका लागि सरकारलाई अग्रसरता देखाउनुपर्छ । अविलम्ब कानुन निर्माण र सोको कार्यान्वयनका लागि गम्भीर हुनु पर्छ । नेपालसँग दुई बर्षको समय छ । सो अवधिमा एफएटीएफले दिएको सुझावलाई कार्यान्वयनका लागि सत्तापक्ष र प्रतिपक्षलाई एक्यबद्ध भएर आवश्यक कानुन निर्माणमा समर्पित हुनुपर्छ । आर्थिक अनियमितता र भ्रष्टाचार नियन्त्रणलगायतका विषयमा सरकारलाई निष्पक्ष भएर सम्बन्धित निकायलाई सहयोग गर्नुपर्छ । अनावश्यक राजनीतिकरण गर्नु उचित हुँदैन् । नत्र, दुई बर्षपछि खेरो सूचीको समय लम्बिने छ । भ्रष्टाचार नियन्त्रणका लागि सरकारलाई एक अभियानकै रुपमा कार्य गर्नुपर्छ । 'इतिश्री'

# नेपालमा साँचो लोकतन्त्र २०६५ सालमा जन्मिएको हो, त्यसअघि होइन

**डा. निर्मल काडेल**

लोकतन्त्र त्यस्तो शासन प्रणाली हो, जसमा राज्य शक्तिको स्रोतका रूपमा जनता रहेका हुन्छन् । यसमा जनताले आफ्नो मतद्वारा जनप्रतिनिधिहरू छान्न सक्छन् । स्वतन्त्र र निष्पक्ष निर्वाचनले विधिको शासन, मौलिक हकको संरक्षण र निर्णय प्रक्रियामा नागरिक सहभागितालाई जोड दिन्छ ।

२००७ सालको प्रजातान्त्रिक आन्दोलन वा २०४६ सालको जनआन्दोलनले नेपालको राजनीतिक विकास क्रमलाई रोमान्टिक बनाइदियो । जब हामी सकारात्मक आलोचकको आँखाले यी विभिन्न घटनाको विश्लेषण गर्छौं, हामी एउटा फरक चित्र देख्छौं– एउटा अधुरो संघर्ष, आधा उपाय र लोकतन्त्रको नाममा बारम्बार ठगिएका मानिसहरूको । लोकतन्त्रलाई लोकतन्त्र नभनी प्रजातन्त्र भनेर व्याख्या गरियो । राजतन्त्रमा जनतालाई तल्लो दर्जाको सम्झेर सम्बोधन गर्ने स्थापित शब्द हो 'प्रजा' । अब ऐतिहासिक आख्यानलाई तथ्यसँग जोड्ने समय आएको छ ।

### २००७ सालअघिको निरंकुश शासन

लोकतन्त्रतर्फको यात्रा सुरु गर्नुअघि नै नेपाल सदियौँदेखि निरंकुश शासनको अधीनमा थियो । १८२४ सालमा राजा पृथ्वीनारायण शाहले नेपाल एकीकरण गरेसँगै सुरु भएको शाहवंशले एक निरंकुश राजतन्त्रको स्थापना गरेको थियो, जहाँ सबै शक्ति राजाको हातमा केन्द्रित थियो । जनताको कुनै राजनीतिक प्रतिनिधित्व थिएन र शासन केवल राजाको इच्छाद्वारा निर्देशित गरिएको थियो ।

१९औँ शताब्दीको मध्यतिर वास्तविक शक्ति शाह राजाहरूबाट राणाशासकहरूमा सरेको थियो । १९०३ सालमा कोत पर्वमार्फत जङ्गबहादुर कुँवरले राणाशासनको जग बसाए । अर्थात् आफ्नो परिवारभित्र प्रधानमन्त्रीको पदलाई वंशानुगत बनाए । राणा प्रधानमन्त्रीहरूले पूर्ण नियन्त्रण गरे भने शाह राजाहरू केवल फिगरहेडमा सीमित भए । नागरिक स्वतन्त्रता, राजनीतिक दल र प्रेस स्वतन्त्रता नभएको राणाशासनमा नेपाल बाँकी विश्वबाट अलग्गिएको थियो । राणाहरूले निरकुंश शासन गरे, आफ्नै परिवारको हितलाई प्राथमिकता दिए भने आम जनताले चर्को कर, शिक्षाको अभाव र चरम गरिबीको सामना गर्नुपऱ्यो ।

यो अँध्यारो कालखण्ड एक शताब्दीभन्दा लामो समयसम्म रह्यो । नेपाली काङ्ग्रेसको नेतृत्वमा भएको जनअसन्तोष, अन्तर्राष्ट्रिय दबाब र राजनीतिक आन्दोलनले अन्ततः राणाशासनको अन्त्य गरी शाह-शासन स्थापना गऱ्यो । कतिपयले यो नेपालको लोकतान्त्रिक यात्राको सुरुवात भएको तर्क गर्छन् । तथापि साँचो लोकतन्त्र अझै वास्तविकताबाट टाढा थियो ।

### २००७ सालको परिवर्तन : गन्तव्य नभई एउटा यात्रा

२००७ फागुन ७ गते नेपालमा शताब्दियौं लामो निरंकुश राणाशासनको अन्त्य गरी धेरैले 'प्रजातन्त्र'को सुरुवात भएको भनी व्याख्या गर्छन् । तर के यो साँचो लोकतन्त्र थियो ? बिल्कुल थिएन किनकि राजसंस्था अझै पनि अन्तिम शक्तिका रूपमा स्थापित थियो । मुक्तिदाताका रूपमा चिनिने राजा त्रिभुवन नै सर्वोच्च अधिकारी थिए । सारांशमा फागुन ७ गते श्री ३ लाई हटाएर श्री ५ लाई स्थापित गरिएको थियो । राणातन्त्रको अन्त्य गरी फेरि शाहतन्त्र सुरु गरिएको थियो । यो कालखण्डमा नेपालको पहिलो प्रजातान्त्रिक निर्वाचन २०१५ सालमा सम्पन्न भएको थियो, जहाँ नेपाली कांग्रेसले १०९ मध्ये ७४ सिट जित्दै ऐतिहासिक विजय हासिल गऱ्यो । यसपछि २०१६ जेठ १३ मा राजा महेन्द्रले बीपी कोइरालालाई नेपालको पहिलो प्रजातान्त्रिक निर्वाचित प्रधानमन्त्री नियुक्त गरे ।

२०१७ मंसिर १ मा राजा महेन्द्रले सैन्य कु गर्दै नेपालको पहिलो निर्वाचित सरकारलाई पूर्णतया बर्खास्त गरे, प्रधानमन्त्रीलाई गिरफ्तार गरे, राजनीतिक दलमाथि प्रतिबन्ध लगाए र तीन दशकसम्म राजनीतिक दलहरुलाई दबाउने पञ्चायती व्यवस्था (२०१७-२०४६) लागु गरे । यसरी नेपालमा लोकतन्त्रको पहिलो प्रयास अर्थात् २००७ सालको परिवर्तनलाई असफल बनायो ।

साँचो लोकतन्त्र संवैधानिक राजतन्त्रबाट होइन, यसको पूर्ण उन्मूलनबाट आएको हो । तसर्थ नेपालमा लोकतन्त्र (जनतालाई प्रजा राजतन्त्रमा मात्र भनिन्छ) २०६२/६३ देखि सुरु भई २०६५ जेठ १५ गते जन्मिएको हो, इतिहासको वस्तुपरक बुझाइ आवश्यक छ ।

पञ्चायती व्यवस्थामा राजाले प्रधानमन्त्री नियुक्त गर्न, न्यायपालिकालाई नियन्त्रण गर्न र राजनीतिक विरोधलाई दबाउन सक्थे । यसरी राजतन्त्रले पूर्ण शक्ति प्राप्त गऱ्यो । जनताले न अधिकार पाए न त राज नै गरे । लोकतान्त्रिक संविधान थिएन, शासनमा जनताको कुनै प्रत्यक्ष भूमिका थिएन । लोकतन्त्रको आधारशिलाका रूपमा रहेका निर्वाचनहरू हुँदैनथे, जसले गर्दा नागरिकहरू शक्तिविहीन भए । लोकतन्त्रलाई कायम राख्ने संस्थाहरूको अभावले तथाकथित रूपान्तरणको वैधतालाई अझ कमजोर बनायो ।

२०१९-२० सालको मुलुकी ऐनले कानुनी सुधारको दाबीका बाबजुत जातीय असमानतालाई संस्थागत गरेर विशेषगरी दलित र सीमान्तकृत समूहविरुद्ध सामाजिक विभेदलाई बलियो बनायो । मौलिक हक र आधारभूत मानव अधिकारलाई कुण्ठित गरिएको थियो, प्रेस स्वतन्त्रतालाई गम्भीर रूपमा प्रतिबन्धित गरिएको थियो, अखबारहरू र राजनीतिक असहमतहरूलाई जेल वा निर्वासनको सामना गर्न सेन्सरसिप लगाइएको थियो ।

२०३६ सालको राष्ट्रिय जनमत संग्रहले पञ्चायती व्यवस्था र बहुदलीय प्रजातन्त्रमध्ये एकलाई रोज्ने प्रस्ताव त गऱ्यो, तर चुनावमा धाँधली भयो र पञ्चायती व्यवस्थाले निरन्तरता पायो । २०३६ सालको दशकमा विद्यार्थी र मजदुर आन्दोलनको हिंसात्मक दमन लगायत प्रजातन्त्र पक्षधर प्रदर्शनलाई दबाउन सुरक्षा बलहरू बारम्बार तैनाथ गरिएका थिए ।

### २०४६/४७ को अपूर्ण सम्झौता

२०४६ सालमा नेपालमा जनताद्वारा अर्को विद्रोह भयो, जसले बहुदलीय व्यवस्था र संवैधानिक राजतन्त्रको सुरुवात गऱ्यो ।

म सम्झन्छु, आफू आन्दोलनमा अघिअघि नारा लगाउँदै हिँडेको । त्यतिखेर म कक्षा १० मा पढ्थेँ । दिनको समयमा मैले आफ्नो विद्यालयबाट र साँझ काठमाडौं वडा ४ मा आन्दोलनको नेतृत्व गर्थें । धेरैलाई जस्तै मलाई पनि विश्वास थियो कि हामी साँचो लोकतन्त्रका लागि लडिरहेका छौं, राजसंस्थासँग अर्को सम्झौता गर्न होइन ।

आन्दोलनका कारण उडेको धुलो जब शान्त भयो, हामीले जनताको शासन पाएनौं, तर यस्तो प्रणाली पायौं, जहाँ महत्त्वपूर्ण शक्ति राजामा निहित थियो । यसलाई 'प्रजातन्त्र' मान्न सकिन्छ, तर कदापि यो लोकतन्त्र थिएन किनकि राजाले प्रजालाई संसदीय, बहुदलीय र केन्द्रीकृत शासन प्रणाली दिएका थिए । जसलाई राजाले जुन बेला पनि हडप्ने सक्ने अवस्था थियो । त्यति बेला प्रजालाई राष्ट्रिय गानका नाममा राजा र राजतन्त्रको गुनगान गाउन लगाइन्थ्यो । राजदरबारका सदस्यको जन्मदिनमा छुट्टी र उत्सव मनाउन लगाइन्थ्यो र कर्मचारीहरूलाई उर्दी जारी गरेर टुँडिखेलमा उभ्याइन्थ्यो, जुन पञ्चायती व्यवस्थाको निरन्तरता नै थियो ।

राजा वीरेन्द्र सेनाको सर्वोच्च कमान्डर रहे । न्यायपालिका र नोकरशाही दरबारप्रति गहिरो बफादार रहे र शासनमाथि साँचो नागरिक नियन्त्रण अनुपस्थित थियो । राजा र उनका भरौटेहरूले चुनेका केही अलोकतान्त्रिक व्यक्तिहरूले सरकार, प्रशासन हाँकेका हुन्थे, जुन पञ्चायतीकालको निरन्तरताजस्तै थियो । यो सबैभन्दा बढी नियन्त्रित लोकतन्त्र अर्थात् प्रजातन्त्र थियो र जनता फेरि एकपटक ठगिएका थियौं ।

यसबाहेक भ्रष्टाचार र अस्थिरताले २०४७ सालपछिको सरकारलाई पिरोलेको थियो । राजनीतिक दलहरूले लोकतन्त्रलाई बलियो बनाउनुको साटो जनतामाथि सत्तालाई प्राथमिकता दिएर आन्तरिक कलहमा लागेका थिए । लोकतन्त्रका लागि लडेकाहरूको आकांक्षा धेरै हदसम्म अधुरै रह्यो, किनकि नेपाल अझै पनि राजतन्त्रको छायामा चलेको थियो ।

### अन्तिम विश्वासघात : तत्कालीन राजा ज्ञानेन्द्रको 'कु'

२०४७ सालपछिको नेपालको संवैधानिक राजतन्त्र साँच्चिकै लोकतान्त्रिक थियो भने तत्कालीन राजा ज्ञानेन्द्रले २०६१ मा प्रधानमन्त्री शेरबहादुर देउवालाई हटाई शासन आफ्नो हातमा लिन कसरी सफल भए ? उनको निरंकुश कदमले नेपालको तथाकथित लोकतन्त्रको नाजुकतालाई उजागर गऱ्यो । तत्कालीन राजा ज्ञानेन्द्रको कार्यले नेपालको लोकतन्त्र अझै पनि सिंहासनको दयामा छ भन्ने प्रमाणित गऱ्यो । विरोध प्रदर्शनलाई दमन गर्नु, वाक् तथा प्रेस स्वतन्त्रतामा कटौती गर्नु र राजनीतिक नेताहरूको स्वेच्छाचारी गिरफ्तारीले प्रणालीको कमजोरीलाई उजागर गऱ्यो । जबसम्म राजतन्त्र रहिरहन्छ, तबसम्म लोकतन्त्र अधुरो रहन्छ भन्ने कुरा स्पष्ट थियो ।

### २०६५ : लोकतन्त्रको वास्तविक सुरुवात

२०६२/६३ सालको जनआन्दोलन (जसलाई दोस्रो जनआन्दोलन भनिने गरिन्छ, २०४६ को आन्दोलनलाई पहिलो मानेर तर त्यो जनआन्दोलन लोकतन्त्रका लागि पहिलो हो) र माओवादी विद्रोहीहरूसँगको विस्तृत शान्ति सम्झौताले नेपालको राजनीतिक इतिहासलाई एउटा महत्त्वपूर्ण मोड दियो, अपरिवर्तनीय रूपान्तरणको आधार तयार गऱ्यो ।

राज्य व्यवस्थाबाटै भएका असमानता र विभेदका कारण माओवादी आन्दोलन उठेको भनिएको थियो । सर्वसाधारण जनता, सीमान्तकृत समुदाय, भूमिहीन किसान र लामो समयदेखि शासनबाट वञ्चित जातीय अल्पसंख्यकहरूको अधिकारका निम्ति सशस्त्र सङ्घर्ष गरेको उसको दाबी थियो । सङ्घीयता, भूमिसुधार र सामाजिक समावेशीकरणको उनीहरूको मागले नेपालको राजनीतिक परिदृश्यलाई नयाँ आकार दियो र २०६५ जेठ १५ गते २४० वर्ष पुरानो राजतन्त्रको अन्त्य भई संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भयो ।

यसपछि सिंहासनबाट सत्ता निर्वाचित राष्ट्र प्रमुखमा सऱ्यो र सङ्घीयताको परिचयले व्यापक प्रतिनिधित्व र समावेशिता सुनिश्चित गर्दै केन्द्रीकृत शासन व्यवस्थालाई विकेन्द्रीकृत गऱ्यो । मूलधारको राजनीतिमा माओवादीको प्रवेशसँगै संविधानसभाको निर्वाचन भयो । दोस्रो संविधानसभाले २०७२ सालमा संविधान जारी गरेपछि नेपालको लोकतान्त्रिक ढाँचाले आकार पाउन थाल्यो । यो ऐतिहासिक दस्तावेजले मौलिक हक एवं अधिकार, धर्मनिरपेक्षता, समावेशिता, स्वतन्त्र निर्वाचन, प्रेस स्वतन्त्रता र शक्तिको विकेन्द्रीकरणलाई आत्मसात् गर्दै लोकतन्त्रलाई थप प्रतिनिधिमूलक र सहभागितामूलक बनाएको छ । २०४७ सालयता आन्दोलनहरू विभाजनकारी भए पनि पुराना सत्ता-संरचनाहरू भत्काउन र गणतन्त्रलाई संस्थागत गर्न उत्प्रेरक बने । विभिन्न तहबाट दशकौंको सङ्घर्षपछि अन्ततः सार्वभौमसत्ता राजाको होइन, जनताको हो भन्ने सुनिश्चित गऱ्यो ।

### २०७२ को संविधान : एउटा गहिरो रूपान्तरण

नेपालको शासकीय संरचनामा आधारभूत परिवर्तन भयो, केन्द्रीकृत राजतन्त्रबाट संघीय गणतन्त्रमा । यो केवल कागजमा परिवर्तन थिएन, यो सत्ताको पुनर्संरचना नै थियो । क्षेत्रीय र स्थानीय सरकारहरूले स्वायत्तता प्राप्त गरे, जसले लोकतन्त्रलाई काठमाडौँबाट निर्देशित प्रणालीभन्दा बढी बनायो । पहिलोपटक भुइँतहका मानिसका आवाजले साँच्चिकै महत्त्व राख्यो ।

वर्षौंको बहस, राजनीतिक सङ्घर्ष र सहिदहरूको बलिदानपछि नेपालले आफ्नो नयाँ संविधान पायो, जसले राजतन्त्रको अन्त्य गर्दै संघीय लोकतान्त्रिक गणतन्त्र स्थापित गऱ्यो । यस्तै हिन्दु राजतन्त्रलाई धार्मिक बहुलता अर्थात् धर्मनिरपेक्षताले प्रतिस्थापन गऱ्यो ।

संघीय प्रणालीमा प्रदेशहरू, स्थानीय सरकारहरू र स्वायत्त शासन समावेश गरिएको छ । राज्यका अंग र निकायहरुमा समावेशी समानुपातिक सिद्धान्त अंगीकार गरिएको छ । महिला, दलित, मधेसी, आदिवासी जनजाति, अल्पसंख्यक लगायत पछाडि पारिएका समूह तथा समुदायले अवसर पाउन थालेका छन् । अहिलेको संविधानमा मौलिक हक अन्तर्गत नै स्वतन्त्रताको हक, समानताको हक, सामाजिक न्यायको हक, शिक्षासम्बन्धी हक लगायत विभिन्न समूह तथा समुदायको अधिकार सुनिश्चित गरिएको छ ।

# सदनमा प्रस्तुत अध्यादेश पास हुन्छ : सञ्चारमन्त्री



कास्की । सञ्चार तथा सूचना प्रविधिमन्त्री एवं सरकारका प्रवक्ता पृथ्वीसुब्बा गुरूङले सरकारले सदनमा प्रस्तुत गरेका अध्यादेश पारित हुने बताउनुभएको छ ।

पोखरामा रहेको हिमालय आँखा अस्पतालको ३२औँ वार्षिकोत्सवको शनिबार उद्घाटन गर्दै उहाँले सुशासन प्रवर्द्धन र सार्वजनिक सेवालाई प्रभावकारी बनाउने गरी सरकारले अध्यादेश ल्याएकाले पारित गर्नुपर्ने बताउनुभयो ।

सञ्चारमन्त्री गुरूङले केभन्दा जनता खुसी हुन्छन् भनेर होइन जनता के काम गर्दा खुसी हुन्छन् भनेर सोच्नुपर्ने बताउनुभयो । "स्वास्थ्य क्षेत्र अस्तव्यस्त छ, शिक्षा क्षेत्र त्यस्तै छ । अस्तव्यस्तताभित्र सुधार कसरी गर्न सकिन्छ भनेर अध्यादेश ल्याएको हो", उहाँले भन्नुभयो । सुशासनबिना देशको विकास नहुने भएकाले सुशासन प्रवर्द्धनका लागि समेत अध्यादेशले सहयोग पुग्ने उहाँको विश्वास थियो ।

मन्त्री गुरूङले भन्नुभयो, "नेपालको ऐन, कानुनमा एकैपटक धेरै सुधार गर्नुपर्ने देखिएकाले संवैधानिक प्रावधानअनुसार नै अध्यादेश ल्याइएको हो । हामीलाई के अनुभव छ भने संसद्बाट एउटा विधेयक पास गर्न पाँच वर्ष लाग्यो । सुशासन कायम र सार्वजनिक सेवालाई प्रभावकारी बनाउन १२ कानुन संशोधन गर्न आवश्यक छ । संशोधन नगरिकन सुशासन हुँदैन, सार्वजनिक सेवा प्रवाह प्रभावकारी तत्कालै गर्नुपर्दछ । अध्यादेश पास हुन्छ, पास गराउनु पर्दछ ।"

संसद् चलिरहेका बेलामा अध्यादेश ल्याउन नपाइने भएकाले नै सरकारले संसद् सुरू हुनुभन्दा अघि ल्याएकाले संसद् छलेर अध्यादेश ल्याइएको भनेर चर्चा गर्नु आवश्यक नरहेको उहाँले बताउनुभयो । सञ्चारमन्त्री गुरूङले निजी क्षेत्रबाट सञ्चालन भएर देशकै नमूना आँखा अस्पतालका रूपमा रहेको हिमालय आँखा अस्पताललाई आवश्यक सहयोग गर्ने प्रतिबद्धतासमेत जनाउनुभयो ।

"पोलिसीमा परिर्वतन गर्नुपर्ने छ भने पनि गरौँला, हिमालय आँखा अस्पतालप्रति मेरो माया र ममता छ । स्वास्थ्य क्षेत्रमा गरेको योगदान र राम्रो अस्पताल सञ्चालन गरेकामा बधाई छ । मेरो तर्फबाट भौतिक पूर्वाधारलगायत आवश्यक पर्ने सहयोग रहने छ", उहाँले भन्नुभयो ।

राष्ट्र, जनता, व्यवस्था, शान्ति सुव्यवस्था र राष्ट्रिय एकता कमजोर बनाउने गतिविधि रोक्न सामाजिक सञ्चालन नियमन विधेयक ल्याइएको मन्त्री गुरूङले बताउनुभयो । उहाँले सरकारले अभिव्यक्ति स्वतन्त्रता र प्रेस स्वतन्त्रतालाई हनन गर्न नखोजेको भन्दै विधेयकामा उल्लेख गरिएको दण्ड सजायका बारेमा छलफल तथा परिमार्जन हुनसक्ने उल्लेख गर्नुभयो ।

कार्यक्रममा अस्पतालका पूर्वअध्यक्ष डा दिलबहादुर क्षेत्री, गण्डकी प्रदेशसभा सदस्य भीम कार्की, अस्पताल व्यवस्थापन समितिका अध्यक्ष एवं नेपाल नेत्रज्योति सङ्घका अध्यक्ष सुरेन्द्र थापामगर, अस्पतालका मेडिकल डाइरेक्टर डा बबिता गुरूङ, पत्रकार महासङ्घका अध्यक्ष माधव बराललगायतले अस्पतालको स्थायित्वका लागि गण्डकी प्रदेश सरकारले स्वामित्व लिनुपर्नेमा जोड दिनुभयो । सो अवसरमा सापु रोगसम्बन्धी सचेतना भिडियो प्रतियोगितामा विजयी विद्यार्थी तथा उत्कृष्ट कर्मचारीलाई सम्मान गरिएको थियो ।रासस

# 'जापान नेपालको हितैषी र विकासको सहयात्री'

**"नेपालले जापानको अनुभव, ज्ञान, सीप र प्रविधिबाट लाभान्वित हुन चाहेको छ", उपराष्ट्रपति यादवले भन्नुभयो, "नागढुङ्गा सुरुङमार्गको सुरुवातसँगै सडक पूर्वाधारको विकासमा जापानको सहयोग प्रशंसनीय छ ।"**

काठमाण्डु । उपराष्ट्रपति रामसहायप्रसाद यादवले जापान नेपालको हितैषी मित्र र दीगो विकासको सहयात्री भएको बताउनुभएको छ । नेपाल जाइका अलमनाई एसोसियसन (जान) को ५१औं वार्षिकोत्सवका अवसरमा शनिबार आयोजित समारोहलाई सम्बोधन गर्दै उहाँले नेपालको विकास प्रयासमा जापानले गरेको योगदानको उच्च मूल्याङ्कन गर्नुभयो ।

"नेपाल र जापानबीच 'एसियाका ज्योति' भगवान बुद्धको शिक्षाबाट प्रभावित युगौं पुरानो सामाजिक-साँस्कृतिक सम्बन्ध छ", उपराष्ट्रपतिले भन्नुभयो, "समय-समयमा दुई देशबीच हुने गरेका उच्चस्तरीय भ्रमण तथा विचार आदानप्रदानले हाम्रो सम्बन्धलाई थप मजबुत बनाएको छ ।"

उहाँले नेपालको सामाजिक तथा आर्थिक विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएकामा जापान सरकारलाई धन्यवाद दिँदै जापानी आर्थिक सहयोगका प्रमुख क्षेत्रहरूमा मानव संशाधन विकास, स्वास्थ्य, कृषि विकास, पूर्वाधार विकास, वातावरण संरक्षण, संस्कृतिलगायतको रहेको बताउनुभयो । "नेपालले जापानको अनुभव, ज्ञान, सीप र प्रविधिबाट लाभान्वित हुन चाहेको छ", उपराष्ट्रपति यादवले भन्नुभयो, "नागढुङ्गा सुरुङमार्गको सुरुवातसँगै सडक पूर्वाधारको विकासमा जापानको सहयोग प्रशंसनीय छ ।"

उहाँले 'जान' ले नेपाल र जापानको सुमधुर सम्बन्धलाई जनस्तरसम्म पुऱ्याउन र जापानमा सिकेको ज्ञान, सीप र प्रविधिलाई नेपालको विकासमा लगाउने दिशामा पुऱ्याउँदै आएको योगदान महत्वपूर्ण रहेको बताउनुभयो । "यो संस्थाले ग्रामीण क्षेत्रमा सामुदायिक विकासका काम सुरु गर्नु सकारात्मक छ", उहाँले भन्नुभयो, "यी कार्यहरूलाई थप ग्रामीण भेगमा विस्तार गर्न सक्नुपर्दछ ।"



श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरत्सिंह भण्डारीले नेपालको विकासका लागि नीति निर्माण गर्ने, उन्नत कार्य संस्कृति वातावरण तयार गर्ने, उन्नत विकास र नविनतम् प्रविधिको प्रयोगका लागि जापानबाट सिक्ने र सिकाउने वातावरणका लागि जानले नेतृत्वदायी भूमिका अझ विस्तार गर्नुपर्ने बताउनुभयो । राष्ट्रिय आप्रवासन नीति तयार गर्न लागेको सन्दर्भमा वैदेशिक रोजगारीमार्फत श्रम शक्तिको विकास गर्ने अवसर र चुनौतीको विश्लेषण गर्नुपर्ने विषयमा जोड दिँदै मन्त्री भण्डारीले श्रम, रोजगार र सामाजिक विकासमा जान, नेपाल र जापान सरकारको बीच सहकार्यका आवश्यक रहेको बताउनुभयो ।

जापान नेपालको प्रमुख श्रम गन्तव्यका रुपमा रहेको उल्लेख गर्दै मन्त्री भण्डारीले जापानी श्रम बजारको माग पूर्ति गर्नेगरी नेपालले बेलैमा सोच्नुपर्ने आवश्यकता औंल्याउनुभयो । "मर्यादित भर्ना प्रक्रियाबाट कसरी नेपाली श्रमिक जापान पठाउन सक्छौं, जापानमा सीकेका श्रम, सीप र पुँजीसहित कसरी स्वदेशमा फर्काउन सकिन्छ भन्ने बारेमा सबैले ध्यान दिनुपर्छ", उहाँले भन्नुभयो । बाध्यात्मक वैदेशिक रोजगारी अन्त्य गर्ने सरकारको नीति रहेको उल्लेख गर्दै उहाँले सरकारले आन्तरिक रोजगारी दशक घोषणा गर्न लागेको जानकारी दिनुभयो ।

मुख्यसचिव एकनारायण अर्यालले नेपालको विकास प्रयासमा जापान सरकारले पुऱ्याएको योगदान नेपालले सदैव प्रसंशा गर्दै आइरहेको बताउँदै जापान नेपालको दिगो, भरपर्दो र विश्वासिलो विकास साझेदार भएको उल्लेख गर्नुभयो । नेपाल र जापानको घनिष्ट सम्बन्धलाई थप उचाइमा पुऱ्याउने कार्यमा निरन्तर लाग्दै नेपालको विकासमा 'जान' सदैव प्रतिबद्ध रहोस् र नेपाल र जापान बीचको सुमधुर सम्बन्धलाई अझ प्रगाढ बनाउन सहयोग पुगोस् भनी शुभकामना व्यक्त गर्नुभयो ।

नेपालका लागि जापानका राजदूत तोरु मायेदाले आगामी वर्ष जापान-नेपालको कूटनीतिक सम्बन्ध स्थापना भएको ७० औं वार्षिकोत्सव मनाउन गइरहेको सन्दर्भ स्मरण गर्दै दुई देशको सम्बन्ध सुदृढ र प्रगाढ बनाउन जानले गरेको महत्वपूर्ण योगदानका लागि धन्यवाद व्यक्त गर्नुभयो । "भावी पुस्ताका लागि यो सम्बन्ध अझै राम्रो बनाउन के गर्न सकिन्छ, नेपाल अतिकम विकसित मुलुकको सूचीबाट स्तरोन्नति भएपश्चातको अवस्थामा कस्ता योजना निर्माण गर्ने र सिकेका सीप कसरी प्रयोग गर्ने भन्ने विषयमा सोच्नुपर्ने बेला आएको छ", उहाँले भन्नुभयो ।

जाइका नेपालका प्रमुख मिजुकी मात्सुजाकीले नेपाल जापान सम्बन्धमा जानले गरेको योगदानको प्रशंसा गर्नुभयो । जानका अध्यक्ष डा रामचन्द्र भुसालले नेपालको दिगो विकासमा जापानको महत्वपूर्ण सहयोग रहेको र अहिलेको विश्व परिवेशमा निस्वार्थ, भरपर्दो र दिगो विकासमा सहयोग गर्ने जापान जस्तो मुलुकको सहयोग अझै महत्वपूर्ण र आवश्यक रहेको बताउनुभयो ।

उहाँले नेपालको विकास प्रयासमा जापानको सदैव सहयोग रहँदै आएको उल्लेख गर्दै दुई देशबीचको सम्बन्धलाई थप प्रगाढ बनाउन जानले 'मैत्री सम्बन्धको चौतारी'का रुपमा काम गर्दै आइरहेको बताउनुभयो । नेपालको सामुदायिक विकाससँगै शिक्षा र स्वास्थ्य प्रवर्द्धन तथा महिला सशक्तीकरणका पक्षमा जान केन्द्रित रहेको जानकारी दिँदै उहाँले जापानमा आर्जन गरेको पुँजी र प्रविधि स्वदेश भित्र्याउन पनि संस्था क्रियाशील रहेको बताउनुभयो ।

समारोहमा उपराष्ट्रपति यादवले जानका आजीवन सदस्य एवं मुख्यसचिव एकनारायण अर्याललाई अभिनन्दन गर्नुभएको थियो । सो अवसरमा उपराष्ट्रपति यादवले जानको वार्षिक प्रकाशन 'मिलन' लोकार्पण गर्नुभयो । जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) को सहयोगमा नेपालबाट जापान गई अध्ययन तालिम तथा भ्रमण गरी फर्किएका नेपालीलाई सङ्गठित गरी जापान र नेपालबीचको मित्रतालाई थप सुदृढ गर्ने उद्देश्यले विसं २०२९ मा जानको स्थापना भएको हो ।रासस

# तयार भयो 'बजेट क्यालेण्डर: करिब १९ खर्ब हाराहारीको बजेट लेखिँदै



काठमाण्डु । अर्थ मन्त्रालयले आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट तर्जुमा कार्यतालिका (बजेट क्यालेन्डर) तयार पारी बजेट लेखन थालेको छ ।

राष्ट्रिय स्रोत अनुमान समितिले उपलब्ध गराएको बजेट सीमा (सिलिङ) भित्र रही आगामी आर्थिक वर्षको बजेट निर्माण प्रक्रिया अघि बढेको अर्थ मन्त्रालयका प्रवक्ता श्यामप्रसाद भण्डारीले राससलाई जानकारी दिनुभयो । "आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन संशोधन गरेर अध्यादेशमार्फत ल्याइएको बजेट क्यालेण्डरसम्बन्धी व्यवस्थाअनुसार काम अघि बढिरहेका छन् । स्रोत अनुमान समितिले करिब रू १९ खर्ब हाराहारीको बजेट सिलिङ उपलब्ध गराइसकेको छ । सबै विषयगत मन्त्रालयलाई पनि बजेट सिलिङ दिइसकेका छौँ", भण्डारीले भन्नुभयो ।

आगामी आर्थिक वर्षको बजेट बनाउनका लागि सबै मन्त्रालयहरुले बजेटको सीमा र बजेट तर्जुमा मार्गदर्शन पाइसकेका छन् । मन्त्रालयहरुले बजेटमा समावेश गर्नुपर्ने नीति, कार्यक्रम र अपेक्षित उपलब्धिसहितका सूचकहरुको विवरण आगामी चैत १ गतेदेखि चैत २० गतेसम्म अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगलाई उपलब्ध गराइसक्नुपर्नेछ ।

बजेटमा समावेश गर्नुपर्ने विषयहरुमा सार्वजनिक सूचना जारी गरी सुझाव सङ्कलन गर्ने काम आगामी चैत १५ गतेदेखि २०८२ वैशाख १० गतेभित्र टुङ्ग्याउने गरी कार्यतालिका बनाइएको छ । बजेटका नीति तथा कार्यक्रममाथि आगामी चैत १६ गतेदेखि चैत २२ गतेसम्म राष्ट्रिय योजना आयोगमा छलफल चल्नेछ ।

सबै मन्त्रालयहरुले आगामी चैत १५ गतेभित्र सम्बन्धित मन्त्रालय र मातहतका निकायबाट आगामी आर्थिक वर्षका लागि कार्यान्वयन हुने योजना तथा कार्यक्रमका लागि बजेट प्रस्ताव गरिसक्नुपर्नेछ । मन्त्रालयगत बजेट सूचना प्रणाली (एलएमबिआईएस) मार्फत् विषयगत मन्त्रालयहरुले बजेत प्रस्ताव गर्ने अन्तिम मिति चैत १५ लाई तोकिएको छ । यसरी मन्त्रालयबाट प्रस्ताव भएका योजना तथा कार्यक्रममाथि मन्त्री र सचिवहरुसँग आगामी चैत २० गतेदेखि चैत २२ गतेसम्म सैद्धान्तिक छलफल चल्नेछ । मन्त्रालयहरुसँग बजेट कार्यक्रम र शीर्षकगत छलफल भने चैत २४ गतेदेखि वैशाख १५ गतेसम्म चल्नेछ ।

त्यस्तै, चैत २८ गतेभित्र अन्तरसरकारी वित्त परिषद्को बैठक बसिसक्ने र बजेटका उद्देश्य, प्राथमिकता एवं मुख्य कार्यक्रमबारे सांसदहरुसँग प्रदेशगत रुपमा छलफल हुनेछ । सङ्घीय सशर्त अनुदानका विषयमा प्रदेश आर्थिक मामिला तथा योजनामन्त्रालयहरुसँग छलफलका लागि आगामी चैत २४ देखि वैशाख १५ गतेसम्मको समयावधि तोकिएको छ ।

**आगामी आर्थिक वर्षको बजेटबारे राजनीतिक दलका प्रतिनिधि, पूर्वअर्थमन्त्रीहरु, पूर्वगभर्नर, पूर्वअर्थसचिव, अर्थशास्त्री एवं विज्ञहरुसँगको छलफलका चैत २६ देखि वैशाख २५ गतेसम्म चल्नेछ । त्यस्तै, आगामी वैशाख १० गतेभित्र विनियोजन विधेयकका सिद्धान्त तथा प्राथमिकताको मस्यौदा तयार पार्ने र वैशाख १५ गतेभित्र संघीय सदनका दुवै सदनमा पेस गर्नेगरी क्यालेन्डर बनेको छ ।**

आगामी आर्थिक वर्षको बजेटबारे राजनीतिक दलका प्रतिनिधि, पूर्वअर्थमन्त्रीहरु, पूर्वगभर्नर, पूर्वअर्थसचिव, अर्थशास्त्री एवं विज्ञहरुसँगको छलफलका चैत २६ देखि वैशाख २५ गतेसम्म चल्नेछ । त्यस्तै, आगामी वैशाख १० गतेभित्र विनियोजन विधेयकका सिद्धान्त तथा प्राथमिकताको मस्यौदा तयार पार्ने र वैशाख १५ गतेभित्र सङ्घीय सदनका दुवै सदनमा पेस गर्नेगरी क्यालेन्डर बनेको छ ।

आगामी जेठ १ गतेभित्र राजस्व परामर्श समितिले आफ्नो प्रतिवेदन अर्थमन्त्रीसमक्ष पेस गर्नेछ र त्यो बेलासम्ममा बजेट वक्तव्यको पहिलो मस्यौदा तयार भइसक्नेछ । त्यस्तै, अर्थमन्त्रीले जेठ १० गते राष्ट्रपतिसमक्ष बजेट 'बिफ्रिङ' गर्ने कार्यतालिका छ । बजेट वक्तव्यलाई जेठ १३ गतेभित्र अन्तिम रुप दिइ जेठ १४ गते मन्त्रिपरिषद् र राष्ट्रिय योजना आयोगमा ब्रिफ्रिङका लागि लगिनेछ ।

आर्थिक विधेयक, विनियोजन विधेयक, राष्ट्र ऋण उठाउने विधेयक र ऋण तथा जमानत विधेयक जेठ १४ गते छपाइका लागि पठाइनेछ । आर्थिक सर्वेक्षण, संस्थानको प्रगति विवरण र मन्त्रालयहरुको प्रगति विवरण आगामी जेठ १४ गते सङ्घीय संसद्का दुवै सदनमा प्रस्तुत हुनेछ । त्यस्तै, जेठ १५ गते संयुक्त सदनमा आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट पेस हुनेछ ।

**राजस्व परामर्श समिति र बजेट लेखन समिति गठन**

अर्थ मन्त्रालय बजेट महाशाखा प्रमुख श्रीकृष्ण नेपालको संयोजकत्वमा पाँच सदस्यीय बजेट मस्यौदा लेखन समिति गठन भएको प्रवक्ता भण्डारीले जानकारी दिनुभयो । समितिमा वैदेशिक महाशाखा प्रमुख धनीराम शर्मा, राजस्व महाशाखा प्रमुख उत्तरकुमार खत्री, प्रशासन महाशाखा प्रमुख थानप्रसाद पङ्गेनी, आन्तरिक राजस्व विभागका महानिर्देशक तीर्थराज चिलुवाल र सहमहालेखा नियन्त्रक सुशीला अर्याल सदस्य हुनुहुन्छ ।

त्यसैगरी, राजस्व सचिव दिनेश कुमार घिमिरेको संयोजकत्वमा राजस्व परामर्श समिति गठन भएको छ । यो समितिले आगामी आर्थिक वर्ष २०८२/८३ को आर्थिक ऐन तर्जुमा गर्दा अवलम्बन गर्नुपर्ने राजस्वका नीतिबारे सुझाव दिनेछ । भन्सार महसुल, मूल्य अभिवृद्धि कर, आयकर, अन्तःशुल्क, गैरकर एवं राजस्व चुहावट नियन्त्रणका लागि केकस्ता रणनीति अवलम्बन गर्न सकिन्छ भनेर यो समितिले सरकारलाई सुझाव दिनेछ । राजस्व परामर्श समितिअन्तर्गत विभिन्न सात वटा उपसमितिहरु गठन भएको पनि अर्थ मन्त्रालयले जनाएको छ ।

जसमा आन्तरिक राजस्व उपसमिति, भन्सार उपसमिति, उद्योग, वाणिज्य तथा निर्यात प्रवर्द्धन उपसमितिलगायत उपसमितिहरु रहेका छन् । त्यस्तै, राजस्व चुहावट नियन्त्रण तथा सम्पत्ति शुद्धीकरण अनुसन्धान उपसमिति, कृषि, ऊर्जा तथा पर्यटन उपसमिति, बैंक तथा वित्तीय संस्था, बिमा, सहकारी तथा पुँजीबजार उपसमिति र गैरकर तथा अन्तर-सरकारी राजस्व व्यवस्थापन उपसमिति रहेका छन् ।रासस

# हाम्रो सङ्घीयता भनेको सहकार्यको सङ्घीयता हो:स्वार

काठमाण्डु । राष्ट्रियसभाको सदस्य भएको पाँच वर्ष भयो । यो पाँच वर्ष राष्ट्रियसभामा रहेर काम गर्दैगर्दा धेरै कुराको अनुभव लिने अवसर मिल्यो । संसद् भनेको कानुन निर्माणसँगै जनताका सवाललाई उठाउने थलो हो । तर सांसदहरु संविधानअनुरुप कानुन निर्माण गर्नेभन्दा पनि आपसी आरोप-प्रत्यारोपमा केन्द्रित भएको देखिन्छ । संसद्मा जनताका सवाल जति उठ्नुपर्ने हो, त्यति स्थान पाएको देखिँदैन । संसद् मुख्यत सरकार बनाउने र ढाल्ने खेलमै केन्द्रित भएको जस्तो देखिन्छ । हामी सांसद भनेको जनप्रतिनिधि हो । जनताको आवाजलाई संसद्मार्फत सरकारसम्म पुऱ्याउनुपर्ने हो । तर सांसदहरुले राजनीतिक खिचातानीमै व्यस्त भएको देखिन्छ । अर्को कुरा, संविधान जारी भएको करिब एक दशक भएको छ । जुन गतिमा संविधानको मर्मअनुरुप कानुन निर्माण हुनुपर्ने हो, त्यो भएको छैन । संविधानको मौलिक हकमा रहेको व्यवस्थाको कानुन बनाउने कुरा अझै पनि पूरा भएको छैन । नीति तथा कार्यक्रम र बजेटबाहेक अन्य नीति संसद्मा पेस हुँदैन । सांसदहरु पनि विकासे कार्यकर्ताको रुपमा मात्रै देखा परेका छन् ।

संविधानमा रहेका केही प्रावधान कार्यान्वयन भएका छन् । तर जति हुनुपर्ने हो त्यति हुन सकेको छैन । संविधानअनुसार अझै ४० वटा कानुन बन्न सकेको छैन । जति राष्ट्रियसभाले छिटोछिटो कानुन पारित गरेको हुन्छ, त्यहीअनुरुप प्रतिनिधिसभाले गर्न सकेको छैन । राष्ट्रियसभाबाट पारित भएका धेरै विधेयक प्रतिनिधिसभामा गएर अड्किएका छन् ।



अहिले संविधान संशोधनको बहस चलेको छ । संविधान संशोधन गर्ने नहुने भन्ने होइन । समयअनुरुप संशोधन हुनुपर्छ । संविधान संशोधन हचुवाको भरमा गर्न हुँदैन । सबैभन्दा पहिला संविधान कुन-कुन विषयमा संशोधन गर्ने हो त्यसबारेमा सरकार प्रष्ट हुनुपर्छ । राजनीतिक दल र सांसदहरु प्रष्ट हुनुपर्छ । संविधान संशोधनको विषयमा पर्याप्त छलफल गर्नुपर्छ । संशोधन जनताको पक्षमा हुनुपर्छ । संशोधन कुनै राजनीतिक पार्टीको स्वार्थको लागिभन्दा पनि आवश्यकताको आधारमा हुनुपर्छ । संविधान संशोधनको नाममा दलित, महिला, आदिवासी जनजाति, मधेसीलगायत उत्पीडित समुदायको अधिकार कटौती हुनुहुँदैन । बरु उनीहरुको अधिकार थप गर्दै व्यवहारिक रुपमा कार्यान्वयन गर्नुपर्छ । संशोधनमा आमजनताको भावना बुझ्नुपर्छ । सङ्घीयतालाई थप मजबुत बनाउन र निर्वाचन प्रणालीमा सुधार गर्नका लागि संशोधन गर्नुपर्छ । मुलुकको कार्यकारी प्रमुख प्रत्यक्ष निर्वाचनबाट चुनिने व्यवस्थाको निम्ति संविधान संशोधन गर्न सकिन्छ ।

मुलुकमा सुशासन कायम गर्नका निम्ति सबैभन्दा पहिला सरकारले भ्रष्टाचारको अन्त्य गर्नुपर्छ । राजनीतिक दल र दलका नेता सुध्रिनुपर्छ । उनीहरु पारदर्शी हुनुपर्छ । जुनसुकै पार्टीको सरकार भए पनि भ्रष्टाचारीलाई उन्मुक्ति दिनेभन्दा पनि कडाभन्दा कडा कारबाही गर्नुपर्छ । सरकार र राजनीतिक पार्टी वा नेताहरुले भ्रष्टाचारीलाई संरक्षण गर्नुहुँदैन । आफ्नै नेता/कार्यकर्ता भए पनि भ्रष्टाचारमा संलग्न छन् भने पार्टीले कारबाही गर्न सक्नुपर्छ । अहिलेको निर्वाचन प्रणाली अत्यन्त महङ्गो भएको छ । एउटा निर्वाचनमा चारपाँच करोडसम्म खर्च गर्ने प्रचलन बढेको छ । निर्वाचन प्रणाली परिवर्तन गर्नुपर्छ । त्यो निर्वाचनमा लागेको खर्च निकाल्नका लागि नेताहरु भ्रष्टाचारमा तल्लीन हुने गरेको आरोप छ । नेताहरु जनताप्रति उत्तरदायी नदेखिनु विडम्बना हो ।

हाम्रो देशमा सङ्घीय, प्रदेश र स्थानीय गरी तीन तहको सरकार छ । सङ्घीय सरकारले संविधानअनुरुप प्रदेश सरकारलाई अधिकार दिनुपर्ने हो । तर अधिकार दिएको छैन । अधिकार नदिएका कारणले प्रदेश र स्थानीय सरकारले सोचेअनुरुप काम गर्न सकेको छैन । जस्तै, प्रहरी ऐन, निजामती सेवा ऐन अहिलेसम्म पनि बन्न सकेका छैनन् । यी ऐनलाई जतिसक्दो चाँडो ल्याउन कुनै पनि सरकारको तत्परता देखिँदैन । सङ्घीय सरकारले प्रदेश सरकारलाई दिनुपर्ने अधिकार नदिएपछि प्रदेश सरकार घाँडोजस्तै बनाइएको छ । हाम्रो सङ्घीयता भनेको सहकार्यको सङ्घीयता हो । समावेशी सङ्घीयता हो । तर तीन सरकारबीच सहकार्य, समन्वय देखा परेको छैन । सङ्घीय सरकारले प्रदेश सरकारबाट रायसल्लाह लिने वा दिने काम भएको छैन । सङ्घीयता सबलीकरणको निम्ति सङ्घीयतालाई ठीक ढङ्गले बुझ्न जरुरी छ । सङ्घीयता मात्रै भन्ने तर सबै अधिकार सङ्घमा राख्ने गर्नुहुँदैन ।

बजेटमा पनि प्रदेश सरकारलाई प्राथमिकता दिएको देखिँदैन । एकदुई लाखसम्मका योजना पनि सङ्घले नै बजेटमार्फत दिने गरेको देखिन्छ । यसको अन्त्य हुन जरुरी छ । अबको बजेट युवाकेन्द्रित हुनुपर्छ । रोजगारी सिर्जना गर्ने गरी सरकारले बजेट ल्याउनुपर्छ । देशभित्र पर्याप्त रोजगारी नभएका कारण धेरै युवा विदेशिने क्रम बढ्दै गएको छ । ती युवालाई वैदेशिक रोजगारीमा जानबाट रोक्न सरकारले युवा लक्षित कार्यक्रम ल्याउनुपर्छ । संविधानअनुरुपको अर्थ प्रणालीलाई अगाडि बढाउन समाजवादोन्मुख अर्थनीति बनाउनुपर्छ । समाजवादोन्मुख भन्ने तर सबै निजीकरण गर्ने भन्ने हुँदैन । युवाको विदेश पलायन रोक्नका लागि शिक्षा क्षेत्रमा आमूल सुधार गर्नुपर्छ । बन्द भएका कारखाना, उद्योग सरकारले सञ्चालनमा ल्याउनुपर्छ । मुलुकको समृद्धि र परिवर्तनका लागि सङ्घर्ष गरेका मुख्य ठूला तीन दल नेपाली कांग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) एकापसमा मिल्नुको विकल्प छैन । यी दलहरुबीच आरोप-प्रत्यारोपले राज्यप्रणालीलाई नै कमजोर बनाउँछ । लोकतन्त्रमा यस्तो हुनु भनेको विडम्बना नै हो । जनताको अवस्था सुधारको निम्ति पनि यी तीन शक्ति एकआपसमा मिलेर अगाडि बढ्नुको विकल्प छैन ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का केन्द्रीय सदस्य तारामान स्वार राष्ट्रियसभा सदस्य हुनुहुन्छ । सांसद स्वार २०७६ सालमा राष्ट्रियसभामा प्रवेश गर्नुभएको हो ।रासस

# ट्रम्प–जेलेन्स्की वार्ता १० मिनेटमै कसरी असफल भयो

बीबीसी

काठमाण्डु । युक्रेनका राष्ट्रपति शुक्रवार राति ह्वाइट हाउसमा अमेरिकी राष्ट्रपतिसँग सकारात्मक छलफल गरेर बाहिरिने अपेक्षामा थिए।

भेटले युक्रेनको तत्कालै सुरक्षा सुनिश्चितता नगरे पनि भविष्यको हितका लागि उसको खनिजमा अमेरिकालाई वास्तविक हिस्सा दिने टुङ्गो लगाउने अपेक्षा गरिएको थियो।तर त्यसो भएन। अमेरिकी राष्ट्रपति ट्रम्प र उपराष्ट्रपति जेडी भान्सले युक्रेनलाई आफ्नो देशले गरिरहेको सहयोगका लागि कृतज्ञता देखाउन माग गरेपछि युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्की विश्वभरिका सञ्चार माध्यमकै अगाडि चर्काचर्कीमा उत्रिए।



रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग युद्धविराम सम्झौताका लागि अझै कडा मेहनत गर्न आफ्ना शक्तिशाली साझेदार देशका नेताहरूले दिएको सुझाव युक्रेनका राष्ट्रपति जेलेन्स्कीले अस्वीकार गरिदिए। त्यसमा अमेरिकी राष्ट्रपति र उपराष्ट्रपतिले उनी “अनादर“ भएर प्रस्तुत भएको प्रतिक्रिया दिए।अन्ततः पूर्वनिर्धारित पत्रकार सम्मेलनमा बोल्न ट्रम्प मञ्चमा पुग्नुअघि नै जेलेन्स्कीलाई ह्वाइट हाउसबाट बाहिरिन भनियो।

अनि दुवै पक्षले यसै साता सकारात्मक रूपमा चर्चा गरेको खनिजसम्बन्धी सम्झौतामा हस्ताक्षर भएन।“शान्तिका लागि तयार भएपछि फर्केर आउनू,“ जेलेन्स्कीको कार त्यहाँबाट बाहिरिएलगत्तै ट्रम्पले सामाजिक सञ्जालमा लेखे।बैठकका दौरान दुवै पक्षलाई आवेशमा ल्याउने कैयौँ क्षणहरू आएका थिए। यहाँ त्यसमध्येका केही क्षणहरू र त्यस पछाडिको राजनीति र भावनात्मक पक्षको चर्चा गरिएको छ।

**१. जेलेन्स्की र भान्स जब आवेशमा आए**

आरम्भमा करिब आधा घण्टासम्म सुमधुर वार्ता र औपचारिक कुराकानी भएका थिए।जब उपराष्ट्रपति भान्सले “कूटनीतिक माध्यमबाट शान्ति र समृद्धिको बाटो खोज्न सकिने र ट्रम्पले त्यही गरिरहेको“ बताए त्यही बिन्दुबाट तनाव सुरु भयो।

जेलेन्स्कीले भान्सलाई त्यहीँ रोके। उनले तीन वर्षअघिको पूर्ण स्तरको आक्रमण अघिबाटै रुसबाट भइरहेका आक्रमण र सन् २०१९ को असफल युद्धविरामको सन्दर्भ निकाल्दै पुटिनबारे भने, “उनलाई कसैले रोकेन।“

“तपाईँले कस्तो किसिमको कूटनीतिको कुरा गरिरहनुभएको? भन्न खोज्नुभएको के हो?“ उनले भने।त्यसमा भान्सको जबाफ थियो, “तपाईँको देशमा भइरहेको विनाश अन्त्य गर्ने किसिमको। “त्यसपछि दुई पक्षबीचको चर्काचर्की देखिने गरी तनावपूर्ण बन्दै गयो। अमेरिकी उपराष्ट्रपतिले जेलेन्स्कीलाई आदरार्थी नभएको र अमेरिकी सञ्चारमाध्यमको अघि परिस्थितिबारे बहस चलाएको आरोप लगाए।

भान्सले पुटिनसँग कुरा गरेर ट्रम्पले युद्ध अन्त्य गराउन अपनाएका शैलीको प्रतिरक्षा गरेका थिए। उनले युक्रेनलाई पनि तत्कालै युद्धविराम गर्न दबाव दिएपछि उनी र युक्रेनका राष्ट्रपतिबीच विवाद भयो।

**२. ‘हामी के महसुस गर्छौं, तपाईंले सिकाउनु पर्दैन’**

भान्सले युक्रेनले सामना गरिरहेको सैन्य अभाव र सेनामा भर्ती हुने मानिसहरूको अभावबारे कुरा उठाएपछि जेलेन्स्कीले त्यसमा तत्कालै प्रतिक्रिया दिए।उनले भने, “युद्धका समयमा सबैलाई समस्या हुन्छ। तपाईँहरूलाई पनि हुन्छ। तर तपाईँहरूसँग राम्रा समुद्रहरू भएका कारण त्यो अहिले महसुस गर्नुहुन्न। तर भविष्यमा महसुस हुन्छ।“यो प्रतिक्रियाले ट्रम्पलाई आक्रोशित बनाउँछ। यति बेलासम्म जेलेन्स्की र अमेरिकी उपराष्ट्रपतिबीच मात्रै सीमित वादविवादमा अब ट्रम्प पनि मिसिन्छन्।

यहाँ युक्रेनी नेताले युद्धमा आक्रमण गरिरहेका नेतासँग कुरा गरेर ट्रम्पले आफ्नो नैतिक धरातल गुमाएको विषय उठाउन खोजेजस्तो देखिन्छ। ट्रम्पले रुससँग गरेको कुराकानी आधारभूत रूपमै गलत भएको आलोचकहरूको भनाई जस्तै जेलेन्स्कीको सन्देशले ट्रम्पको मर्ममा प्रहार थियो।त्यसले मस्कोले भोगिरहेको एक्लोपन अन्त्य गर्नुका साथै तत्काले युद्धविराम गर्न भनेर ट्रम्पले पुटिनलाई हौसला प्रदान गरेको अनि युरोपलाई कमजोर बनाउनुका साथै युक्रेनी भूभाग कब्जा गर्न रुसलाई छोडिदिएको आलोचकहरूको आरोप छ।

ट्रम्पले यो युद्धलाई दुई पक्षबीचको मात्रै भएको अर्थ लगाउँदै दुवै पक्षले त्यसको भार र क्षति बहन गर्नुपर्ने बताउने गरेका छन्।तर जेलेन्स्कीले यो सोचले विनाशकारी परिणाम ल्याउने चेतावनी दिइरहेका थिए अर्थात् युक्रेनी नेताले ओभल अफिसमा ट्रम्पलाई भनिरहेका थिए, ’रुसलाई खुसी पार युद्ध सीधै तिमीतर्फ आउने छ।’तर यो कुराले ट्रम्पको सबैभन्दा ठूलो प्रतिक्रिया निम्त्यायो।

“हामीलाई के महसुस गर्छौं भनेर तपाईंले सिकाउनु पर्दैन। तपाईं त्यो कुरा थोपर्ने ठाउँमा हुनुहुन्न,“ उनले भने। यसो भनिरहँदा ट्रम्पको आवाज चर्को हुँदै गयो।“तपाईंसँग अहिले कुनै कार्ड छैन,“ ट्रम्पले जेलेन्स्कीलाई भने। “तपाईं दशौँ लाख मानिसको जीवनसँग जुवा खेल्दै हुनुहुन्छ।“ट्रम्पको अगाडि बलियो भएर कुरा गर्न चाहेको देख्न चाहनेहरूका लागि यो चर्काचर्कीले जेलेन्स्कीप्रति वाहवाही पनि बटुल्न सक्छ। तर सँगसँगै यो क्षणले युरोपमा युद्ध र शान्तिको युगको निर्धारण पनि गर्न सक्छ।

**३. ‘तपाईं एक्लो हुनुहुन्न थियो’ : ट्रम्पको जबाफ**

कुराकानीको एउटा बिन्दुमा जेलेन्स्कीले “युद्धको आरम्भदेखि नै हामी एक्लै छौँ र पनि हामी आभारी छौँ।“

जेलेन्स्कीको यो भनाइपछि ट्रम्प आवेशमा आउँछन्। उनले युक्रेनमा जारी युद्ध अमेरिकी करदाताहरूमाथिको बोझको रूपमा बारम्बार प्रस्तुत गर्दै आएका छन्।

“तपाईं एक्लो हुनुहुन्न,“ ट्रम्प भन्छन्। “तपाईं एक्लो हुनुभएको छैन। हामीले तपाईँलाई ती मूर्ख राष्ट्रपतिमार्फत् तीन खर्ब ५० अर्ब खिएका छौँ,“ बाइडेन प्रशासनका पालमा युक्रेनलाई अमेरिकाले गरेको सहयोगप्रति सङ्केत गर्दै ट्रम्प भन्छन्।त्यसबीचमा भान्सले आफ्नो देशको सहयोगप्रति युक्रेनी जेलेन्स्कीले अमेरिकालाई धन्यवाद दिए नदिएको प्रश्न गर्छन्।उनी त्यतिमा मात्रै रोकिँदैनन् जेलेन्स्कीलाई गत नोभेम्बरमा भएको अमेरिकी निर्वाचनमा विपक्षी (डेमोक्र्याट)हरूलाई भोट मागेको आरोप लगाउँछन्।

> युक्रेनलाई अमेरिकाले गरेको सहयोगप्रति सङ्केत गर्दै ट्रम्प भन्छन्। त्यसबीचमा भान्सले आफ्नो देशको सहयोगप्रति युक्रेनी जेलेन्स्कीले अमेरिकालाई धन्यवाद दिए नदिएको प्रश्न गर्छन्। उनी त्यतिमा मात्रै रोकिँदैनन् जेलेन्स्कीलाई गत नोभेम्बरमा भएको अमेरिकी निर्वाचनमा विपक्षी (डेमोक्र्याट)हरूलाई भोट मागेको आरोप लगाउँछन्।

अमेरिकी निर्वाचनको केही साताअघि जेलेन्स्कीले जो बाइडनको गृहनगर पेन्सलभानिआ क्षेत्रको एउटा हतियार कारखाना क्षेत्रमा गरेको भ्रमणप्रति भान्सले सङ्केत गरेका थिए।उक्त भ्रमणप्रति रिपब्लिकनहरू रुष्ट थिए। उनीहरूले दुवै पक्षबीच तीव्र प्रतिस्पर्धा भएको राज्यमा राष्ट्रपतिकी उम्मेदवार कमला ह्यारिसको चुनावी अभियानमा सहयोग पुऱ्याउन उक्त भ्रमण गरिएको आरोप लगाएका थिए। विश्वव्यापी सुरक्षाको संवेदनशील विषयमा भएको भेटमा निकै विभाजित रहेको अमेरिकाको आन्तरिक राजनीतिको छाया यहाँ परेको देखियो।

अमेरिकालाई धन्यवाद दिए नदिएको विषयमा भान्सको प्रश्नपछि जेलेन्स्कीले, “के तपाईँलाई मात्रै यो युद्धबारे चर्को बोल्नुपर्छ भन्ने लागेको छ“ भन्छन्। उनलाई रोक्दै ट्रम्पले भान्स चर्को नबोलेको दाबी गर्छन्।

निकै चिढिएको जस्तो देखिएका ट्रम्प भन्छन्, “तपाईँको देश निकै ठूलो समस्यामा छ।““तपाईँले यो युद्ध जित्दै हुनुहुन्न,“ ट्रम्प थप्छन्। “हामी भएका कारण यसबाट बाहिर आउने एकदमै राम्रो अवसर तपाईँलाई छ।“

**४. जेलेन्स्कीको प्रश्न ‘के मूल्यमा युद्धविराम’**

“यो तरिकाले काम गर्न धेरै गाह्रो हुन्छ,“ ट्रम्प भन्छन्। “यसरी सम्झौता गर्न गाह्रो हुन्छ। मनोवृत्तिमा परिवर्तन जरुरी छ।“अमेरिकी राष्ट्रपति र उपराष्ट्रपतिले जेलेन्स्कीलाई एउटा बिन्दुमा हप्काउँछन्। उनको मनोवृत्तिका कारण उनीहरू रिसाएजस्तो देखिन्छ । “मात्र धन्यवाद भन्नूस्,“ भान्सले एउटा क्षणमा भन्छन् । फेरि छलफल युद्धविरामतर्फ मोडिन्छ र ट्रम्पले युद्धविरामका लागि पन आग्रह गर्छन्।जसमा जेलेन्स्कीले भन्छन्, “के कुराको सुनिश्चिततामा?“ जेलेन्स्कीले रुसी आक्रमणबाट आफ्नो देश जोगाउन तीन वर्ष खर्चिएका छन्। युक्रेनबाट पुटिनले लखेट्न खोजिरहेका समाज र राजनीतिक नेतृत्त्वलाई उनले एक ठाउँमा बाँधेका छन्।

तर क्यामरामा कैद भइरहेको मुख्य दृश्य बाहिर कोठामा अर्को दृश्य थियो। वाशिङ्गटनका लागि जेलेन्स्कीकी दूत ओक्साना मार्कारोभा पुर्पुरोमा हात लगाएर बसिरहेकी थिइन् । यो कुराकानीले रुसविरुद्धको युद्धमा युक्रेनलाई सहयोग गरिरहेको सबैभन्दा शक्तिशाली देश र जेलेन्स्कीबीचको सम्बन्धको सङ्क्षिप्त चित्र देखाउँछ । उनी जसरी शुक्रवार राती ट्रम्पसँग खडा भए त्यो कालान्तरमा पुटिनसँग उनको हारको कारक बन्न सक्ने विश्लेषणहरू गरिएका छन् ।

**जेलेन्स्की र ट्रम्पबीच ह्वाइट हाउसमा चर्काचर्की, सङ्केत के हो**

संयुक्त राज्य अमेरिकाको भ्रमणमा रहेका युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्की र उनका अमेरिकी समकक्षी डोनल्ड ट्रम्पबीच ह्वाइट हाउसमा भनाभान भएको छ।

ह्वाइट हाउसस्थित ओभल अफिसमा जेलेन्स्कीले ट्रम्प र अमेरिकी उपराष्ट्रपति जेडी भेन्ससँग चर्काचर्की गरेका हुन्।ट्रम्पले जेलेन्स्कीलाई “तृतीय विश्वयुद्ध निम्त्याउन चाहेको“ आरोप लगाउँदै युक्रेनले रुससँग शान्ति सम्झौता नगरेमा अमेरिका “बाहिरिने“ चेतावनी दिए।युक्रेनी राष्ट्रपति जेलेन्स्कीले आफूले रुसी राष्ट्रपति भ्लादिमिर “पुटिनसँग सम्झौता नगर्ने“ बताए।

**पत्रकार सम्मेलन रद्द**

विवादपछि निकै अपेक्षा गरिएको अमेरिका र युक्रेनबीच हुने भनिएको खनिजसम्बन्धी सम्झौतामा हस्ताक्षर भएन र जेलेन्स्कीलाई अमेरिकी राष्ट्रपति कार्यालयबाट बाहिरिन भनियो।

पछि फक्स न्यूजसँग कुरा गर्दै जेलेन्स्कीले ट्रम्पसँग हुन गएको विवाद “दुवै पक्षका लागि ठीक नभएको“ प्रतिक्रिया दिए।सो क्रममा उनले पछिल्लो घटनापछि पनि दुई देशबीच सम्बन्ध अगाडि बढ्न सक्ने आफ्नो विश्वास रहेको बताएका छन्।ट्रम्पले रुससँग लडाइँ गरेर युक्रेनले जित्न नसक्ने बताए। अर्कोतर्फ जेलेन्स्कीले आफूले युद्धविराम चाहेको उल्लेख गरे।

ओभल अफिसमा ट्रम्प र जेलेन्स्कीबीच तर्कवितर्क भइरहँदा अमेरिकाका लागि युक्रेनी राजदूत तनावमा देखिएकी थिइन्।त्यतिखेर उनले पुर्पुरो र गालामा हात राखेको भिडिओमा देखिन्छ। उनी दुई नेताहरूको नजिकै बसेकी थिइन्।दुई नेताबीच चर्काचर्की भएका कारण भेटपछि हुने भनिएको पत्रकार सम्मेलन पनि रद्द गरियो र जेलेन्स्कीलाई ह्वाइट हाउसबाट बाहिरिने बाटो देखाइयो। भेटघाटपछि ट्रम्पले आफ्नो सामाजिक सञ्जाल ट्रूथ सोशलमा एउटा पोस्ट गर्दै जेलेन्स्कीमाथि कैयौँ आरोप लगाएका छन्।

उनले लेखेका छन्, “भेटघाटका क्रममा कैयौँ कुरा आए। तर राष्ट्रपति जेलेन्स्की शान्तिका लागि तयार छैनन् किनकि अमेरिका त्यसमा संलग्न छ मलाई अरू कुनै फाइदा चाहिएको छैन म त केवल शान्ति चाहन्छु।““उनले अमेरिकाको अपमान गरेका छन्। यदि उनी शान्ति चाहन्छन् भने फेरि यहाँ आउन सक्छन्।“भनाभनको घटनापछि सामाजिक सञ्जाल एक्समा पोस्ट गर्दै जेलेन्स्कीले पनि युक्रेनले शान्ति चाहेको उल्लेख गरेका छन्।

उनले लेखेका छन्, “धन्यवाद अमेरिका तिम्रो समर्थनका लागि, धन्यवाद यो भ्रमणका लागि। धन्यवाद अमेरिकी राष्ट्रपति, कङ्ग्रेस र अमेरिकी जनता। युक्रेन केवल र केवल शान्ति चाहन्छ अनि हामी त्यसैका लागि काम गरिरहेका छौँ“ ट्रम्प र जेलेन्स्कीबीच ओभल अफिसमा भएको वादविवादले उत्तर एट्लान्टिक सन्धि सङ्गठन नेटोका निम्ति महत्त्वपूर्ण सङ्कटलाई सङ्केत गरेको बीबीसीका अन्तर्राष्ट्रिय सम्पादक जेरमी बोअन बताउँछन्।दुई नेताहरूबीच ओभल अफिसमा विवाद हुनुअघि पनि आपसी सम्बन्ध राम्रो थिएन।

ट्रम्पले जेलेन्स्कीलाई यसअघि नै निरङ्कुशको सङ्ज्ञा दिइसकेका छन् भने युक्रेनले युद्ध थालेको पनि भनिसकेका छन्। जो बाइडनले सुमधुर बनाएको अमेरिका र युक्रेनबीचको गठबन्धन अहिले धुज्जाधुज्जा हुन पुगेको छ।सार्वजनिक रूपमा भएको चर्काचर्कीले नेटो र अमेरिकाबीच देखिन सक्ने एउटा महत्त्वपूर्ण सङ्कटलाई पनि सङ्केत गरेको छ।युरोपेली राष्ट्रहरूको सुरक्षाबारे अमेरिकी प्रतिबद्धतालाई लिएर युक्रेनबाहिर थप आशङ्का र प्रश्नहरू खडा हुने छन्।

नेटोका साझेदारमाथि गरिने आक्रमण अमेरिकामाथि आक्रमण गरिए सरह मान्ने भनेर सन् १९४९ मा ह्यारी ट्रूम्यानले गरेको वाचालाई ट्रम्पले जारी राख्ने छन् वा छैनन् भन्ने सबैभन्दा ठूलो प्रश्न हुने छ। अमेरिकी राष्ट्रपति ट्रम्पले युक्रेन अहिले ठूलो सङ्कटमा रहेको भन्दै रुससँग युद्धमा जित्न नसक्ने बताए।उनले भनेः “युक्रेन यतिखेर ठूलो सङ्कटमा छ। तपाईँहरू यो लडाइँ जित्न सक्नुहुन्न। तर यदि तपाईं हामीसँग हुनुहुन्छ भने लडाइँबाट बाहिरिने मौका तपाईँसँग छ।“

भेटवार्ताका क्रममा ट्रम्पले युक्रेनलाई अमेरिकाले गरेको सहायताबारे पनि चर्चा गरे।उनले भनेः “हामीले तपाईँहरूलाई ३५० अर्ब डलर दिएका छौँ। सैन्य उपकरण दिएका छौँ। यदि हामीले सैन्य सहायता दिन छोड्यौँ भने यो लडाइँ दुई सातामै सकिन्छ।““यदि म यदि म तपाईँहरू (युक्रेन र रुस) लाई एकसाथ उभ्याउन सकिनँ भने तपाईं कहिल्यै सम्झौता गर्न सक्नुहुन्,“ ट्रम्पले अगाडि थपे।

# युक्रेन ‘एक्लो छैन’: युरोपेली नेता

एएफपी

वासिङ्टन । अमेरिकी राष्ट्रपति ट्रम्पले युक्रेनलाई रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको जित देखिने गरी युद्धविराम गराउन बाध्य पार्ने छन् भन्ने चिन्तामा रहेका अमेरिकी सहयोगी युरोपेली मुलुकका नेताले अमेरिकी र युक्रेनी नेताहरूबचिको चर्काचर्की सञ्चारमाध्यममा आएसँगै जेलेन्स्की र युक्रेनको समर्थनमा आफ्ना भनाइहरू सार्वजनिक गरेका छन् ।

युरोपेली आयोग र युरोपेली काउन्सिलका क्रमशः प्रमुख उर्सुला भोन डेर लेयेन र एन्टोनियो कोस्टाले जेलेन्स्की कहिल्यै एक्लो नभएको बताएका छन् ।

“बलियो बन्नुस्, साहसी बन्नुस् र निडर बन्नुस”, भोन डेर लेयन र कोस्टाले सामाजिक सञ्जालमा संयुक्त विज्ञप्ति जारी गर्दै जेलेन्स्कीलाई भन्नुभयो, “हामी न्यायपूर्ण र स्थायी शान्तिका लागि तपाइको साथमा सहकार्य गरिरहनेछौँ ।”यसैबीच, इयूका शीर्ष कूटनीतिज्ञ काजा कल्लासले युरोपेली शक्ति र वासिङ्टनबीचकोट्रान्सएटलान्टिक गठबन्धनबारे अमेरिकी नेतृत्वमाथि प्रश्न उठाउनुभएको छ ।

उहाँले सामाजिक सञ्जालमा लेख्नुभएको छ, “आज, यो स्पष्ट भयो कि यो चुनौतीको सामना गर्नको लागि स्वतन्त्र विश्वलाई नयाँ नेताको खाँचो छ। यसका लागि हामी युरोपेलीहरू के गर्छौं यसमा निर्भर रहनेछ ।” वार्ता अवरूद्ध भएसँगै युक्रेनको समर्थनमा पोल्याण्डका प्रधानमन्त्री डोनाल्ड टस्कले जेलेन्स्कीलाई सङ्केत गर्दै भन्नुभयो, “तपाईं एक्लो हुनुहुन्न ।”

बेलायती प्रधानमन्त्री केइर स्टार्मरले ट्रम्प र जेलेन्स्की दुवैसँग फोनमा कुरा भएको र किएभलाई ‘अटुट समर्थन’ गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । इटालीका प्रधानमन्त्री जियोर्जिया मेलोनीले संयुक्त राज्य अमेरिका, युरोप र युक्रेनका सहयोगीहरूबीच ‘अविलम्ब’ शिखर सम्मेलन गर्न आह्वान गर्नुभएको छ । फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोँले युक्रेन युद्धमा रुस ‘आक्रमणकारी’ भएको बताउनुभएको छ ।

उहाँले भन्नुभयो, “आक्रमणकारी रुस हो । युक्रेनलाई सहयोग गर्ने र रुसलाई तीन वर्षअघि नै प्रतिबन्ध लगाउने र त्यसलाई निरन्तरता दिने हाम्रो निर्ण सही थियो ।” जेलेन्स्कीविरुद्ध ट्रम्पले लगाएको आरोपलाई संकेत गर्दै उहाँले भन्नुभयो, “यदि कोही तेस्रो विश्वयुद्धमा खेलिरहेको छ भने त्यो रूसी नेता पुटिन हुन् ।”जर्मनीका सम्भावित चान्सलर फ्रेडरिक मर्जले जेलेन्स्कीलाई समर्थन गर्ने आश्वासन दिनुभएको छ ।

“हामीले यस भयानक युद्धमा आक्रमणकारी र पीडितलाई कहिल्यै भ्रमित गर्नु हुँदैन,” मर्जले भन्नुभयो । निवर्तमान चान्सलर ओलाफ स्कोल्जले पनि युक्रेनको समर्थन गर्नुभएको छ भने विदेशमन्त्री एनालेना बेयरबोकले पनि किएभको ‘शान्ति र सुरक्षाको खोजी हाम्रो हो’ भन्नुभएको छ । यसैबीच, हङ्गेरीका प्रधानमन्त्री भिक्टर ओर्बानले ट्रम्प र रुसी राष्ट्रपति भ्लादिमिर पुटिन दुवैका निकटतम साझेदारमध्येका एक ओर्बानले शान्तिका लागि बहादुरीका साथ उभिएकोमा धन्यवाद दिनुभएको छ ।

ओर्बानले एक्समा लेख्नुभएको छ, “शक्तिशाली मानिसले शान्तिको पक्षमा माहोल बनाउँछ, कमजोर मानिसले युद्ध गर्छ ।”इटालियन प्रधानमन्त्री जियोर्जिया मेलोनीले संयुक्त राज्य अमेरिका, युरोप र तिनका सहयोगीहरूलाई युक्रेन युद्धको विषयमा एकजुट हुन आह्वान गर्नुभएको छ । उहाँले भन्नुभयो,



“ढिलो नगरी शिखर सम्मेलन आवश्यक छ । युक्रेनबाट सुरु भएको आजको प्रमुख चुनौतीहरूको सामना कसरी गर्ने भन्ने बारेमा हामी स्पष्ट रूपमा कसरी कुरा गर्न चाहन्छौँ।”

“युक्रेनका लागि नेदरल्याण्डको समर्थन अझै कम भएको छैन”,प्रधानमन्त्री डिक स्कूफले एक्समा भन्नुभयो, “विशेष गरी अहिले हामी स्थायी शान्ति चाहन्छौं र रूसले सुरु गरेको आक्रमणको युद्धको अन्त्य चाहन्छौँ ।

”किएभ कट्टर सहयोगी पोल्याण्डले विवादपछि युक्रेनीहरूलाई आश्वस्त पार्न कदम चालेको थियो।

पोल्याण्डका प्रधानमन्त्री डोनाल्ड टस्कले जेलेन्स्कीलाई सम्बोधन गर्दै भन्नुभयो, “प्रिय युक्रेनी मित्रहरु, तपाईं एक्लो हुनुहुन्न ।”स्पेनका प्रधानमन्त्री पेड्रो सान्चेजले युद्धग्रस्त युक्रेनको पक्षमा आफ्नो देश उभिने बताउनुभएको छ ।

# टर्कीसँग ४० वर्षको सशस्त्र सङ्घर्षपछि पिकेकेद्वारा युद्धविरामको घोषणा

एएफपी

इस्तानबुल । टर्कीको जेलमा रहेका नेता अब्दुल्लाह ओकालानको अनुरोधपछि कुर्द लडाकू समूह (पिकेके)ले शनिबार टर्कीसँग युद्धविरामको घोषणा गरेको छ। चार दशकभन्दा बढी समयदेखि टर्कीसँग लडेपछि यसै हप्ता कुर्दिस्तान वर्कर्स पार्टी (पिकेके) को विघटनको घोषणा गर्दै ओकालानले नेता तथा कार्यकर्तालाई हतियार बिसाउन आग्रह गर्नुभएको हो ।

पिकेके कार्यकारी समितिले ओकलानलाई उद्धृत गर्दै भनेको छ, “नेता अपोको शान्ति र लोकतान्त्रिक समाजका लागि आह्वानको कार्यान्वयनका लागि मार्ग प्रशस्त गर्न हामी आजदेखि लागू हुने गरी युद्धविरामको घोषणा गर्दैछौं ।”उत्तरी इराकमा मुख्यालय रहेको समितिले भनेको छ, “हामी पिकेके विघटनको आह्वानको विषयसँग सहमत छौं र यसलाई अनुसरण र कार्यान्वयन गर्नेछौं ।”

“आफ्नोसमूहमाथि आक्रमण नभएसम्म हाम्रा कुनै पनि सेनाले सशस्त्र कारबाही गर्ने छैनन्,” विज्ञप्तिमा भनिएको छ।

टर्की, संयुक्त राज्य अमेरिका र युरोपियन युनियनद्वारा आतंकवादी समूह घोषित पिकेकेले सन् १९८४ देखि कुर्दहरूको लागि एक मातृभूमि बनाउने उद्देश्यले विद्रोह गरेको छ । पिकेकेले टर्कीको आठ करोड ५० लाख जनसङ्ख्याको लगभग २० प्रतिशत हिस्सा ओगटेको छ सन् १९९९ मा ओकालान जेलमा परेदेखि नै करिब ४० हजारभन्दा बढी मानिसको ज्यान लिइसकेको रक्तपात अन्त्यका लागि विभिन्न प्रयासहरू भएका छन् ।

ओकालानसँग उहाँलाई राखिएको टापुको एक जेलमा धेरै पटकको बैठकपछि कुर्द समर्थक डीईएम पार्टीले बिहीबार पिकेकेलाई आफ्ना हतियारहरू बिसाउन र संगठनको विघटनको घोषणा गर्न एक सम्मेलन बोलाउन अपिल गरेको थियो। पिकेकेले शनिबार ओकालानले चाहेअनुसार सम्मेलन आयोजना गर्न तयार रहेको तर त्यसका लागि उपयुक्त सुरक्षित वातावरण सिर्जना गर्नुपर्ने र ओकालानले व्यक्तिगत रूपमा निर्देशन र सम्मेलनको सफलताका लागि नेतृत्व गर्नुपर्ने बताएको छ ।

# गाजामा युद्धविरामको म्याद शनिबार सकिँदै

एएफपी

गाजा । इजरायल–हमास युद्धविरामको पहिलो चरण शनिबार टुङ्गिँदै छ तर स्थायी युद्धविराम सुरक्षित गर्ने अर्को चरणको यसद्धविरामको सङ्केत अझै अनिश्चित रहेको छ । सन् २०२३ को अक्टोबर ७ मा हमासले इजरायलमाथि गरेको आक्रमणपछि सुरु भएको १५ महिनाभन्दा बढी लामो युद्धपछि जनवरी १९ मा युद्धविराम लागू भएको थियो ।

सुरुको छ हप्ताको अवधिमा गाजाका लडाकुहरूले इजरायली जेलमा रहेका सयौँ प्यालेस्टिनी कैदीहरूको बदलामा २५ जना जीवित बन्धकहरूलाई मुक्त गरेका थिए भने अन्य आठ जनाको शव इजरायललाई फिर्ता गरेका थिए। बदलामा इजरायली सुरषा नियन्त्रणमा रहेका एक हजार ९०० कैदीबन्दीको रिहाइ भएको छ । युद्धविरामको दोस्रो चरणले गाजामा रहेका दर्जनौं बन्धकहरूको रिहाई सुनिश्चित गर्ने र युद्धको थप स्थायी अन्त्यका लागि मार्ग प्रशस्त गर्ने अपेक्षा गरिएको छ । इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले



कायरोमा एक प्रतिनिधिमण्डल पठाउनुभएको छ र मध्यस्थ इजिप्टले इजरायलका साथै सहयोगी मध्यस्थकर्ता कतार र संयुक्त राज्य अमेरिकाको प्रतिनिधिमण्डलको उपस्थितिमा दोस्रो चरणको ‘गहन वार्ता’ सुरु भएको बताएको छ ।शनिबार बिहानसम्म सहमतिको कुनै सङ्केत नदेखिएको भन्दै हमास स्रोतले इजरायलले दोस्रो चरणको वार्ताका लागि ढिलाइ गरेको आरोप लगाएको छ ।“युद्धविराम सम्झौताको दोस्रो चरण भोलि बिहान अर्थात् आइतबार देखि सुरु हुने बताइए पनि अझै पनि ढिलासुस्ती भइरहेको छ र सम्झौताको उल्लङ्घन जारी छ,” स्रोतले एएफपीसँग भन्यो।

वार्तामा संलग्न एक प्यालेस्टिनी स्रोतले एएफपीलाई बताएअनुसार कायरोमा हमासको प्रतिनिधिमण्डल अनुपस्थित भए तापनि गतिरोध समाधानका लागि छलफल भइरहेको छ । इन्टरनेसनल क्राइसिस ग्रुपथिंक ट्यांकका म्याक्स रोडेनबेकले दोस्रो चरण तत्काल सुरु हुने अपेक्षा गर्न नसकिने बताउनुभयो । उहाँले थप्नुभयो, “मलाई लाग्छ, युद्धविराम भङ्ग हुने छैन।”

इजरायली रक्षामन्त्री इजरायल काट्जले दोस्रो चरणको साटो पहिलो चरणको विस्तारअन्तर्गत थप बन्धकहरूलाई मुक्त गर्नु इजरायलको प्राथमिकता रहेको बताउनुभएको छ । हमासको आक्रमणका क्रममा कब्जामा लिएका २५१ बन्धकमध्ये ५८ जना अझै गाजामा रहेका छन् । इजरायली सेनाले कुल बन्धकमध्ये ३४ जनाको मृत्यु भइसकेको पुष्टि गरेको छ ।

# अमेरिकी डलरको मूल्य हालसम्मकै उच्च बिन्दुमा



काठमाण्डु । नेपाल राष्ट्र बैङ्कले शनिबारका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ । शनिबारका लागि निर्धारण गरिएको दरअनुसार, अमेरिकी डलरको मूल्य बढेर हालसम्मकै उच्च बिन्दुमा पुगेको छ । केन्द्रीय बैङ्कका अनुसार आज अमेरिकी डलर एकको खरिददर १३९ रूपैयाँ ७० पैसा र बिक्रीदर १४० रूपैयाँ ३० पैसा कायम भएको छ।

शनिबारका लागि युरोपियन युरो एकको खरिददर १४५ रूपैयाँ २४ पैसा र बिक्रीदर १४५ रूपैयाँ ८६ पैसा, युके पाउन्ड स्टर्लिङ एकको खरिददर १७५ रूपैयाँ ८४ पैसा र बिक्रीदर १७६ रूपैयाँ ६० पैसा, स्विस फ्र्याङ्क एकको खरिददर १५४ रूपैयाँ ७३ पैसा र बिक्रीदर १५५ रूपैयाँ ४० पैसा कायम गरिएको छ।

यसैगरी, अष्ट्रेलियन डलर एकको खरिददर ८६ रूपैयाँ ८२ पैसा र बिक्रीदर ८७ रूपैयाँ २० पैसा, क्यानेडियन डलर एकको खरिददर ९६ रूपैयाँ ७८ पैसा र बिक्रीदर ९७ रूपैयाँ १९ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०३ रूपैयाँ ६० पैसा र बिक्रीदर १०४ रूपैयाँ ०४ पैसा निर्धारण गरिएको छ।


जापानी येन १० को खरिददर नौ रूपैयाँ २९ पैसा र बिक्रीदर नौ रूपैयाँ ३३ पैसा, चिनियाँ युआन एकको खरिददर १९ रूपैयाँ १९ पैसा र बिक्रीदर १९ रूपैयाँ २७ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३७ रूपैयाँ २५ पैसा र बिक्रीदर ३७ रूपैयाँ ४१ पैसा, कतारी रियाल एकको खरिददर ३८ रूपैयाँ ३३ पैसा र बिक्रीदर ३८ रूपैयाँ ५० पैसा कायम भएको बैङ्कले जनाएको छ।

यस्तै, थाई भाट एकको खरिददर चार रूपैयाँ ०९ पैसा र बिक्रीदर चार रूपैयाँ ११ पैसा, युएई दिराम एकको खरिददर ३८ रूपैयाँ ०४ पैसा र बिक्रीदर ३८ रूपैयाँ २० पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३१ रूपैयाँ ३१ पैसा र बिक्रीदर ३१ रूपैयाँ ४४ पैसा, साउथ कोरियन वन एक सयको खरिददर नौ रूपैयाँ ५७ पैसा र बिक्रीदर नौ रूपैयाँ ६१ पैसा, स्विडिस क्रोनर एकको खरिददर १२ रूपैयाँ ९८ पैसा र बिक्रीदर १३ रूपैयाँ ०४ पैसा र डेनिस क्रोनर एकको खरिददर १९ रूपैयाँ ४७ पैसा र बिक्रीदर १९ रूपैयाँ ५६ पैसा तोकिएको छ।

राष्ट्र बैङ्कले हङकङ डलर एकको खरिददर १७ रूपैयाँ ९६ पैसा र बिक्रीदर १८ रूपैयाँ ०४ पैसा, कुवेती दिनार एकको खरिददर ४५२ रूपैयाँ ३५ पैसा र बिक्रीदर ४५४ रूपैयाँ ३० पैसा, बहराइन दिनार एकको खरिददर ३७० रूपैयाँ ६६ पैसा र बिक्रीदर ३७२ रूपैयाँ २५ पैसा, ओमनी रियाल एकको खरिददर ३६२ रूपैयाँ ८६ पैसा र बिक्रीदर ३६४ रूपैयाँ ४२ पैसा निर्धारण गरेको छ। रासस

# स्ट्रबेरीखेतीबाट वार्षिक ३० लाख आम्दानी

**विष्ट आफ्नो व्यवसायलाई अब कसरी नयाँ रूप दिने भन्नेबारे सोच्दै हुनुहुन्छ । उहाँ भन्नुहुन्छ, "अब केही समयमै स्ट्रेबरीखेतीबाट वाइन र जुस कम्पनी खोलेर यसलाई उद्योगका रूपमा विकसित गर्ने लक्ष्य छ, यसका लागि विज्ञहरूसँग सल्लाह गरिरहेकोछु ।"**



काभ्रेपलाञ्चोक । बनेपा नगरपालिका-१० जनागालका मुक्ति विष्टलाई अहिले स्ट्रबेरी फल टिप्न र बजार पठाउन भ्याइनभ्याइ छ । पछिल्ला दुई वर्षदेखि रू ३० लाखको हाराहारीमा आम्दानी गरिरहनुभएको विष्ट हाल जनागाल र नुवाकोटको ककनीमा स्ट्रबेरीको रेखदेख गर्नमा व्यस्त हुनुहुन्छ ।

करिब चार वर्षअघि 'कोरोना महामारीकाल'मा हरेक क्षेत्रका व्यक्तिले रोजीरोटी गुमाइरहेका बेला निकालेको 'जुक्ति'ले मुक्ति विष्ट अहिले स्ट्रबेरीको स्थापित व्यवयासायी बन्नुभएको हो । विष्ट त्यसबेलाको जुक्तिबाट व्यावयायिक स्ट्रबेरीखेतीमा रत्तिभर विचलित नभई व्यवसायको दायरा बढाउँदै रमाइरहनुभएको छ । "अहिले बजारीकरणको समस्या छैन, स्थानीय तथा उपत्यकाको बजारमा रू तीन सयदेखि सात सयसम्ममा स्ट्रबेरी बिक्री भइरहेको छ", विष्टले भन्नुभयो ।

जसले आफ्नै देशमा पसिना बगाइरहेका छन्, धेरैजसोले कृषि व्यवसाय रोजेको पाइन्छन् । यस्तैमध्येका एक हुनुहुन्छ विष्ट । उहाँ आफ्नै दश रोपनी जग्गामा स्ट्रबेरी रोपेर जिल्लामा मात्र नभएर देशकै नमुना कृषकको पहिचान बनाउने अभियानमा हुनुहुन्छ । तर, ४५ वर्षीय विष्टले स्ट्रबेरी रोप्ने सीप सिकेर व्यवसाय थाल्नुभएको भने होइन, अरूले रोपेको देखेर र भनेको सुनेकै भरमा थल्नुभएको हो । दैनिक हजारौं युवा रोजगारीका लागि विदेश पलायन भइरहँदा स्वदेशमै पनि केही गरौं भन्ने लाग्नेहरूलाई विष्टको स्ट्रबरीखेती उदाहरणीय बन्नसक्ने देखिएको छ।

अहिले विष्टले यही खेतीबाट नाम र दाम पनि कमाउँदै हुनुहुन्छ । उहाँले आफ्नै माटोमा बगाउनुभएको पसिनाले प्रत्येक वर्ष मुनाफा बढाइरहेको छ । त्यस्तै व्यवसायको दायरा पनि फराकिलो भइरहेको छ । यस वर्ष पनि विष्टले लगाएको खेतीबाट उत्पादन सुरू भइसकेको छ । उहाँले स्ट्रेबरीखेतीका लागि करिब रू ३० लाख लगानी गर्नुभएको छ।

गत वर्ष सबै खर्च कटाएर रू ३० लाख बचत गर्नुभएको थियो । उहाँ यसवर्ष यतिकै हाराहारीमा आम्दानी लिने अपेक्षामा हुनुहुन्छ । विष्टले हाल स्ट्रेबरी मात्र लगाउनुभएको छैन, मौसमअनुसारका अन्य तरकारी तथा कुखुरापालनसमेत पनि गरिरहनुभएको छ।

हाल उहाँको व्यवसायमा दैनिक पाँच जनाले रोजगारी पनि पाएका छन् । व्यवसायका लागि उहाँले विभिन्न सहकारी र बैंकबाट केही ऋण लिनुभएको बताउनुभयो । "व्यवसायका लागि सरकारले दिने सहुलियत ऋणका लागि प्रयास गरिरहेको छु, तर पाएको छैन", उहाँले गुनासो गर्नुभयो।

विष्ट आफ्नो व्यवसायलाई अब कसरी नयाँ रूप दिने भन्नेबारे सोच्दै हुनुहुन्छ । उहाँ भन्नुहुन्छ, "अब केही समयमै स्ट्रेबरीखेतीबाट वाइन र जुस कम्पनी खोलेर यसलाई उद्योगका रूपमा विकसित गर्ने लक्ष्य छ, यसका लागि विज्ञहरूसँग सल्लाह गरिरहेकोछु।" साथै, विष्टले गत वर्षदेखि नै स्ट्रबेरीका अतिरिक्त बिरूवासमेत उत्पादन गरेर बेच्ने गरिरहनुभएको सुनाउनुभयो । उहाँको अनुभवमा स्ट्रबेरी आफैँमा एक स्वादिलो र पोषिलो फल भएको र यसले मानव स्वास्थ्यमा धेरै नै फाइदा दिने भएकाले बजारमा माग र मूल्य उच्च भएको हो।

विष्टले यस वर्ष ५० हजार केजी उत्पादन गर्ने लक्ष्य लिनुभएको छ, जसबाट गत वर्षभन्दा बढी आम्दानी हुनेछ । उहाँले स्ट्रबेरीखेतीका लागि बनेपामा र ककनीमा गरी एक लाख बिरूवा रोप्नुभएको हो । उहाँ भन्नुहुन्छ, "स्ट्रबेरीको बिरूवा र उत्पादनका लागि अब बजारको समस्या छैन, आफैं बिरूवा उत्पादन थालेको छु।" उहाँले चितवन, नवलपरासी र बारामा स्ट्रबेरीखेतीका लागि अध्ययन भइरहेको बताउनुभयो । उहाँले गत वर्ष ४० हजार बिरूवा उत्पादन गरी केही बिक्री गर्नुभएको थियो।

दुई महिनामा हुर्केको स्ट्रबरीले उत्पादन दिन थाल्छ । उहाँले स्ट्रबेरीखेती थालेको थाहा पाउने बनेपा तथा आसपासका उहाँको खेतमै गएर खेती हेर्ने र किनेर लैजाने गर्छन् । विष्ट भन्नुहुन्छ, "आजकाल दैनिक मेरो स्ट्रबेरी खेती हेर्न आउनेक्रम बढ्दैछ, उहाँहरू यहीबाटै किनेर पनि लैजानुहुन्छ, उहाँहरूलाई म बजारको भन्दा सस्तोगरी दिने गर्छु।"

विष्टले उत्पादन गरेको स्ट्रबेरी जिल्लाको मुख्य बजार बनेपालगायत धुलिखेल, पाँचखाल र पनौती तथा काठमाडौं, पोखरा तथा चितवनसम्म जाने गरेको छ । विष्ट भन्नुहुन्छ, "देशका प्रमुख सहरमा मेरा उत्पादन पुर्‍याउने लक्ष्य लिएको छु, स्ट्रबेरी बिरूवा छिमेकी जिल्ला भक्तपुर, सिन्धुपाल्चोक र सिन्धुलीबाट माग हुन थालेको छ, त्यसमा पनि विशेष ध्यान दिइरहेको छु।" प्रतिबिरूवा रू २५ देखि रू ३० सम्ममा बिक्री हुने गरेको विष्ट बताउहुन्छ।

विष्टले अमर भू-मण्डलीय बहुउद्देश्यीय कृषि फार्म दर्ता गरी नयाँ नयाँ काम सुरू गरिएकाले लगानीमा पनि वृद्धि हुँदै गएको बताउनुहुन्छ । "सुरूआतका बेला कृषि तथा अन्य उत्पादनमा लाग्ने क्रममा केही घाटा व्यहोर्नुपर्‍यो, अहिले त्यस्तो छैन", विष्टले भन्नुभयो । उत्पादनका लागि रासायनिक मलको अभावले कठिनाइ व्यहोर्नुपरेको विष्टले सुनाउनुभयो ।रासस

# आलु खेतीमा आधुनिक यन्त्र प्रयोग गर्दै किसान



मध्यविन्दु । नवलपरासी(बर्दघाट सुस्तापूर्व)को मध्यविन्दु नगरपालिका-२ का मायाराम महतोलाई गत वर्षसम्म एक बिघा जमिनको आलु खन्न २० जना खेताला जम्मा गर्नु पर्दथ्यो । तर अहिले एक बिघा क्षेत्रफलको आलु उहाँ एक्लैले एकै दिनमा सकिसक्नु हुन्छ।

लामो समय अर्म-पर्म गरेर आलु खेती गर्नुभएका मायाराम्ले गत वर्षदेखि घरमै पावर टिलर(हाते ट्र्याक्टर) किनेर खेती गर्दै आउनुभएको छ। सामूहिक रूपमा आलु खेती गर्ने भएको हुँदा गत वर्ष कृषि ज्ञान केन्द्रको ७५ प्रतिशत अनुदानमा उहाँले पावर टिलर किनेको बताउनुभयो । "स्वदेशमा नै कृषि गर्ने भनेर विदेशबाट फर्किएको थिए तर धेरै मानिस खोजेर काम गर्नु पर्दा निकै समस्या भएको थियो। तर अहिले पावर टिलरको सहायताले आलु रोप्नेदेखि निकाल्दासम्म सजिलो भएको छ । हप्ता दिनसम्म लाग्ने गरेको काम एक दुई दिनमै सकिन्छ," उहाँले भन्नुभयो । नन्दपुर बहुउद्देश्यीय कृषक समूह मध्यविन्दु-२ को अध्यक्षसमेत रहनुभएका मायारामले प्रविधिको सहायताले नै १५ बिघा जमिनमा सामूहिक आलु खेती गरिएको बताउनुभयो। प्रविधिको सहयोगले गर्दा थोरै जनशक्तिबाट धेरै काम गर्न सकिने भएकाले आर्थिक बचतसमेत भएको किसान मायारामले बताउनुभयो।

"पहिले हामी आफैं आलु लगाउने ड्याम बनाउने, गोडमेल गर्ने, आलु निकाल्ने गर्दथ्यौं, धेरै मान्छे र समय लाग्दथ्यो," उहाँले भन्नुभयो, "अहिले हाते ट्याक्टरको सहायताले सबै काम गर्दछौं सहज भएको छ ।"कृषि प्रविधिले खेती गर्न सहज भएपछि नन्दपुर बहुउद्देश्यीय कृषक समूहले आलु खेतीको क्षेत्रफल पनि विस्तार गरेको छ। सुरुमा दुई बिघा जमिनमा गरिएको आलु खेती अहिले १५ बिघा पुर्‍याइएको छ भने आगामी वर्ष २० बिघामा गर्ने योजना रहेको मायारामले जानकारी दिनुभयो।

मध्यविन्दु -२ कै रमेश थनेत थारु पनि पछिल्लो समय प्रविधिका माध्यमबाट खेती गर्दै आउनुभएको छ । लामो समयसम्म कुटो कोदालोको प्रयोग गर्दै आउनुभएका रमेश प्रविधिको माध्यमबाट खेती गर्न सहज भएको बताउनुहुन्छ। सबै काम श्रमबाट मात्र गर्दा समय बढी लाग्ने र मिहिनेत धेरै लाग्ने गरे पनि प्रविधिको सहयोगमा कम समयमै धेरै खेती गर्न सकिने उहाँ बताउनुहुन्छ ।"धान, तोरी, गहुँ खेतीमा कृषि यन्त्रको प्रयोग गर्ने गरिएको भए पनि आलु खेतीमा सबै काम मान्छेले नै गर्ने गरेका थियौ", उहाँले भन्नुभयो, "अहिले आलु उत्पादन गर्न धेरै सहज भएको छ, थोरै मान्छेले धेरै खेती गर्न सकेका छौ।"

मायाराम र रमेशजस्तै पछिल्लो समय जिल्लामा धेरै किसानले कृषि यन्त्र प्रयोग गरेर आलु खेती गर्दै आएका छन् । अन्न वालिमा मात्रै कृषि यन्त्रको प्रयोग हुँदै आएकोमा केही वर्षदेखि तरकारी खेतीमा पनि कृषि यन्त्रको प्रयोग बढेको हो।

पछिल्लो समय पावर ट्रेलर, ट्र्याक्टर, मिनी ट्रेलर को सहायताले तरकारी खेती गर्ने गरिएको कृषि ज्ञान केन्द्र नवलपरासी (बर्दघाट सुस्तापूर्व)का प्रमुख कुलप्रसाद तिवारीले बताउनुभयो । कृषिमा आधुनिक प्रविधिका औजार भित्रिएसँगै धेरै किसानले सहजरूपमा कृषि उत्पादन गर्ने गरेको तिवारीको भनाइ छ । परम्परागत शैलीमा खेतीपाती गर्ने किसान पछिल्लो समय प्रविधितर्फ आकर्षित भएको उहाँले बताउनुभयो।

"जिल्लामा पछिल्लो समय तरकारी खेतीका लागि कृषि यन्त्रको प्रयोग बढेको छ। धेरै जसो किसानले कुटो कोदालोको सट्टा हाते ट्र्याक्टरको प्रयोग गर्दै आएका छन", उहाँले भन्नुभयो, "मानवीय श्रमको भरमा खेती गर्दै आएका किसान पछिल्लो समय प्रविधिमा जोडिएसँगै थोरै किसानले धेरै क्षेत्रफलमा खेती गर्न सक्ने भएको देखेका छौं।"

कृषि ज्ञान केन्द्रमार्फत कृषकलाई कृषि यन्त्रमा विभिन्न खाले अनुदान दिँदै आएको प्रमुख तिवारीले जानकारी दिनुभयो । परम्परागतरूपमा खेती गर्दै आएका किसानलाई पछिल्लो समय प्रविधिमैत्री बनाउँदै लगेपछि काममा सहजतासँगै उत्पादनसमेतमा राम्रो हुँदै गएको उहाँले बताउनुभयो। रासस

# चौंरी याक प्रवर्द्धन

फुङ्लिङ । सिरिजङ्घा गाउँपालिकाले कञ्चनजङ्घा आधार शिविर क्षेत्रमा चौंरी याक प्रदर्शनी गर्ने भएको छ। विश्वको तेस्रो अग्लो हिमालको आधार शिविरमा चौंरी याक प्रवर्द्धन तथा संरक्षण गर्न प्रदर्शनी आयोजना गर्न लागिएको हो।

यसका लागि गाउँपालिकाले रु आठ लाख बजेट विनियोजन गरेको जनाइएको छ। सिरिजङ्घा महोत्सव-२०८२ का अवसरमा आगामी वैशाख १३ देखि १५ गतेसम्म चौंरी याक प्रवर्द्धन तथा प्रदर्शनी आयोजना गरिने गाउँपालिकाका उपाध्यक्ष डा चित्र माबोले जानकारी दिनुभयो। त्यसअवसरमा उत्कृष्ट चौंरीपालकलाई पुरस्कृत गरिने छ।

गाउँपालिकाका अनुसार याक निर्यात गर्न पनि याकपालन गर्ने गर्छन् । एउटा याक रु एक लाखभन्दा बढी मूल्यमा चीनमा निर्यात हुने गरेको किसानको भनाइ छ । गाउँपालिकाले आयोजना गरेको चौंरी याक प्रवर्द्धन तथा प्रदर्शन कार्यक्रमले किसानलाई थप प्रोत्साहन गर्ने लक्ष्य राखिएको छ।

**साहसिक हाफ म्याराथन हुने**

गाउँपालिकाका उपाध्यक्ष डा चित्र माबोका अनुसार सिरिजङ्घा महोत्सव-२०८२ का अवसरमा कञ्चनजङ्घा साहसिक हाफ म्याराथन प्रतियोगिता पनि आयोजना गरिने छ। कञ्चनजङ्घा आधार शिविर क्षेत्रमा समुद्र सतहबाट चार हार पाँच सय मिटर उचाइमा प्रतिस्पर्धा गराइने गाउँपालिकाले जनाएको छ।



उत्कृष्ट हुने किसानलाई रु २८ हजार पाँच सय ८६ प्रदान गरिनेछ भने सान्त्वना पुरस्कारस्वरूप रु आठ हजार पाँच सय ८६ उपलब्ध गराइने छ । हाल चौंरीपालनप्रति आकर्षण घट्दै गएकाले यसको संरक्षण र महत्त्व उजागर गर्न प्रदर्शनी आयोजना गर्न लागिएको उपाध्यक्ष माबोले बताउनुभयो। चौंरीपालन हिमाली क्षेत्रमा जीवनयापनको मुख्य आधार भएकाले यसलाई प्रवर्द्धन गर्न आवश्यक रहेको उहाँको भनाइ छ।

ताप्लेजुङको उच्च हिमाली क्षेत्रमा समुदायको प्रमुख आम्दानीको स्रोत चौंरी गोठ हो। चौंरीबाट दुधजन्य पदार्थ घ्यू, छुर्पी उत्पादन गरेर बिक्री गरेर गुजारा गर्दै आएका छन् । त्यस्तै याक चीनका विभिन्न बजारमा माग आउने गर्छ । किसानले चीनमा

प्रतियोगितामा प्रथम हुनेलाई रु दुई लाख आठ हजार पाँच सय ८६, दोस्रो हुनेलाई रु एक लाख आठ हजार पाँच सय ८६ तथा तेस्रो हुनेलाई रु ५८ हजार पाँच सय ८६ पुरस्कार प्रदान गरिने छ । कार्यपालिकाको निर्णयानुसार प्रतियोगिता नयाँ भोरेनी, कस्तुरे डाँडा, भण्डेडाँडा, सिन्दुरे ढुङ्गा, तुप्लुङ, दुण्डु डाँडा, ढाउँ चोक, भेडीचोक हुँदै मछेवा पुग्ने २४ किलोमिटर दूरीमा सञ्चालन गरिने छ।

गाउँपालिकाले प्रतियोगितासँगै माउन्टेन साइक्लिङ कार्यक्रम पनि आयोजना गर्ने जनाएको छ। आयोजकका अनुसार हिमाली क्षेत्रमा जलवायु परिवर्तनका असरबारे अध्ययन, अवलोकन तथा साहसिक पदमार्ग अनुगमनका लागि यो महोत्सव उपयोगी हुने अपेक्षा गरिएको छ ।रासस

# यस्तो छ तरकारी र फलफूलको थोक मूल्य



काठमाण्डु । कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिले शनिबारका लागि कृषि उपजहरूको थोक मूल्य निर्धारण गरेको छ।

समितिका अनुसार प्रस्तुत तरकारी र फलफूलको अधिकतम थोक मूल्य निर्धारण गरिएको हो। गोलभँडा ठूलो (नेपाली) प्रतिकेजी रु ५० गोलभँडा ठूलो (भारतीय) प्रतिकेजी रु ६०, गोलभँडा सानो (तराई) प्रतिकेजी रु २२, आलु रातो प्रतिकेजी रु ३३, आलु रातो (भारतीय) प्रतिकेजी रु ३५, प्याज सुकेको (भारतीय) प्रतिकेजी रु ७२, गाजर (लोकल) प्रतिकेजी रु ३५, गाजर (तराई) प्रतिकेजी रु २५, बन्दा (लोकल) प्रतिकेजी रु १५, बन्दा (तराई) प्रतिकेजी रु १२, बन्दा (नरिवल) प्रतिकेजी रु १२, काउली स्थानीय प्रतिकेजी रु २५, स्थानीय काउली (ज्यापु) प्रतिकेजी रु ३५, काउली (तराई) प्रतिकेजी रु २५, मूला रातो प्रतिकेजी रु ४५, मूला सेतो (लोकल) प्रतिकेजी रु १८, सेतो मूला (हाइब्रिड) प्रतिकेजी रु २५, भन्टा लाम्चो प्रतिकेजी रु ३०, भन्टा डल्लो प्रतिकेजी रु ५० कायम भएको छ।

यसैगरी, मटरकोसा प्रतिकेजी रु ६०, घिउ सिमी (लोकल) प्रतिकेजी रु ६०, घिउ सिमी (हाइब्रिड) प्रतिकेजी रु ६०, घिउ सिमी (राजमा) प्रतिकेजी रु १०० टाटे सिमी प्रतिकेजी रु ७०, तिते करेला प्रतिकेजी रु १००, लौका प्रतिकेजी रु ५०, परबर (लोकल) प्रतिकेजी रु १८०, घिरौला प्रतिकेजी रु १००, फर्सी पाकेको प्रतिकेजी रु ५०, फर्सी हरियो (लाम्चो) प्रतिकेजी रु १५, हरियो फर्सी (डल्लो) प्रतिकेजी रु १५, भिण्डी प्रतिकेजी रु १००, सखरखण्ड प्रतिकेजी ७०, बरेला प्रतिकेजी रु ४०, पिँडालु प्रतिकेजी रु १३०, स्कूस प्रतिकेजी रु ४५, रायो साग प्रतिकेजी रु २५, पालुङ्गो साग प्रतिकेजी ५०, चमसुरको साग रु ५०, तोरीको साग प्रतिकेजी रु २५, मेथीको साग प्रतिकेजी रु ६०, प्याज हरियो प्रतिकेजी रु ४०, बकुला प्रतिकेजी रु ६०, तरुल प्रतिकेजी रु ११०, च्याउ (कन्य) प्रतिकेजी रु ८०, च्याउ (डल्ले) प्रतिकेजी रु ३००, कुरिलो प्रतिकेजी रु १,६०० निर्धारण गरिएको छ।

ब्रोकाउली प्रतिकेजी रु ४५, चुकुन्दर प्रतिकेजी रु ६०, सजीवन प्रतिकेजी रु २००, रातो बन्दा प्रतिकेजी रु ६०, जिरीको साग प्रतिकेजी रु ६०, सेलरी प्रतिकेजी रु १५०, सौफको साग प्रतिकेजी रु ६०, पार्सले प्रतिकेजी रु ३००, पुदिना प्रतिकेजी रु ३००, गान्टे मूला प्रतिकेजी रु ६०, इमली प्रतिकेजी रु १६०, तामा प्रतिकेजी रु १००, तोफु प्रतिकेजी रु १२० र गुन्द्रुक प्रतिकेजी रु ३५० तोकेको छ।

समितिले स्याउ (झोले) प्रतिकेजी रु २००, स्याउ (फूजी) प्रतिकेजी रु ३००, केरा (दर्जन) रु १५०, कागती प्रतिकेजी रु १८०, अनार प्रतिकेजी रु ३८०, अङ्गुर (हरियो) प्रतिकेजी रु १८०, अङ्गुर (कालो) प्रतिकेजी रु २८०,सुन्तला (भारतीय) प्रतिकेजी रु १४०, तरबुजा (हरियो), प्रतिकेजी रु ५०, मौसम प्रतिकेजी रु १६०, जुनार प्रतिकेजी रु १४०, भुइँकटहर प्रतिगोटा रु १८०, काँक्रो (लोकल) प्रतिकेजी रु ७०, काँक्रो (हाइब्रिड) प्रतिकेजी रु ३५, रुख कटहर प्रतिकेजी रु ११०, नासपाती (चाइनिज) प्रतिकेजी रु २४०, मेवा (नेपाली) प्रतिकेजी रु ५०, मेवा (भारतीय) प्रतिकेजी रु १००, अम्बा प्रतिकेजी रु १४०, लप्सी प्रतिकेजी रु १४०, खरबुजा प्रतिकेजी रु ५०, स्ट्रबेरी (भुइऐसेलु) प्रतिकेजी रु ४००, किबी प्रतिकेजी रु ४८० निर्धारण गरिएको छ।

यसैगरी, अदुवा प्रतिकेजी रु १२०, खुर्सानी सुकेको प्रतिकेजी रु ३४०, खुर्सानी हरियो प्रतिकेजी रु ७०, खुर्सानी हरियो (बुलेट) प्रतिकेजी रु ९०, खुर्सानी हरियो (माछे) प्रतिकेजी रु ८७, खुर्सानी हरियो अकबरे प्रतिकेजी २५०, भेडे खुर्सानी प्रतिकेजी रु ७०, लसुन हरियो प्रतिकेजी रु ८०, हरियो धनिया प्रतिकेजी रु ५०, लसुन सुकेको चाइनिज प्रतिकेजी रु २९०, लसुन सुकेको नेपाली प्रतिकेजी रु २००, छ्यापी सुकेको प्रतिकेजी रु १६०, छ्यापी हरियो प्रतिकेजी रु ६०, ताजा माछा (रहु) प्रतिकेजी रु ४२०, ताजा माछा (बचुवा) प्रतिकेजी रु ३००, ताजा माछा (छडी) प्रतिकेजी रु ३००, राजा च्याउ प्रतिकेजी रु ३०० र सिताके च्याउ प्रतिकेजी रु १,००० तोकेको छ ।रासस

# परिक्रमाका यात्रीको स्वागतका लागि सार्वजनिक बिदा



**टुडे समाचारदाता**

जनकपुरधामामिथिलामाध्यमिकी परिक्रमाका यात्रीको स्वागत र परिक्रमा मेलामा सहभागिताका लागि महोत्तरीको मटिहानी नगर कार्यपालिकाको कार्यालयले सार्वजनिक बिदा दिएको छ । मटिहानी नगरमा आइतबारका लागि सार्वजनिक बिदा दिइएको छ।

मिथिला माध्यमिकी परिक्रमा यस भेगको सांस्कृतिक तथा धार्मिक उत्सव भएको हुँदा आफ्नो ठाउँमा आइपुग्ने यात्री र अतिथिको स्वागतमा सबैको सहभागिता हुन सकोस् भन्ने उद्देश्यले सार्वजनिक बिदा दिँदै आएको नगर प्रमुख हरिप्रसाद मण्डलले जानकारी दिए । मिथिला माध्यमिकी परिक्रमाको 'डोला'का साथ यस यात्राका सहभागी यात्री आइतबार मटिहानीमा विश्राम गर्नेछन् ।

यात्राको चौथो दिन 'डोला' मटिहानी आइपुग्ने मिथिलाको स्थापित परम्परा रहेको छ । मटिहानी परिक्रमा महोत्तरी प्रवेश गर्ने द्वार पनि हो । मटिहानीसँगै लगातार पाँच रात परिक्रमा यात्रीले जिल्लामा बिताउने छन्। महोत्तरीमा माध्यमिकी परिक्रमा यात्राको चौथो, पाँचौं, छैटौं, सातौं र आठौं दिन क्रमशः मटिहानी, जलेश्वर, मडै (महोत्तरी गाउँपालिका), ध्रुवकुण्ड (बलवा नगरपालिका) र कञ्चनवन (भङ्गाहा नगरपालिका) मा रात्रिबासको परम्परा रहेको छ।

सीता-रामका प्रतिमा राखिएका 'डोला'साथ यात्री पडावस्थल पुगेपछि सो दिन ती ठाउँमा परिक्रमा मेलाको परम्परा रहँदै आएको छ। आफ्नो ठाउँमा मेला र रात्रि विश्रामका दिन जिल्लाका अन्य चार स्थानीय तह जलेश्वर नगरपालिका, महोत्तरी गाउँपालिका, बलवा नगरपालिका र भंगाहा नगरपालिका कार्यालयले पनि यसअघिदेखि नै सार्वजनिक बिदा परम्परागत रुपमा दिँदै आएका छन् ।

# प्रचण्ड धनुषामा, भेटघाट तथा अन्तर्क्रियामा व्यस्त रहने

**टुडे समाचारदाता**

जनकपुरधाम । 'जनतासँग माओवादी, तराई-मधेश जागरण अभियान' अन्तर्गत नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड धनुषा आइपुगेका छन् ।




जिल्लाको कमला नगरपालिकास्थित माचीमा रात्रि विश्राम गरेका छन् । शनिबार राति माची आइपुगेका पूर्वप्रधानमन्त्रीसमेत रहेका अध्यक्ष प्रचण्डले आइतबार विहान माची, लगमा, दुबरकोट, हथलेटवा, मंगराहा, औरही गाउँपालिका, चक्करहुँदै हँसपुर नगरपालिकास्थित सोनिगामामा सम्बोधन गर्ने कार्यक्रम रहेको नेकपा माओवादी केन्द्र धनुषाका कार्यालय सचिव श्रीनारायण झा प्रतिहस्तले जानकारी दिए।

त्यसपछि जनकपुरधाममा उद्योग वाणिज्य संघको सभाहलमा स्थानीय व्यापारी, व्यवसायीहरुसंग अन्तर्क्रिया कार्यक्रम गर्ने योजना रहेको उनले बताए।

तत्पश्चात जनकपुरधामस्थित विन्धी, बसहियाबाट अन्यत्र जाने कार्यक्रम रहेको उनले बताए।

अध्यक्ष प्रचण्ड विहानै मोर्निंग वाक गर्दै लगमास्थित हनुमान चोकमा भेला भइ दुबरकोट पुग्ने छन् भने त्यहाँबाट कमला नगरपालिकास्थित कार्यालय छेउमा नास्ता पछि जनतासंग भलाकुसारी गर्ने छन्। त्यसपछि उनी त्यहाँबाट मंराहादेखि पर्सामा नास्ता ग्रहण गर्ने कार्यक्रम रहेको छ । त्यसपछि औरही गाउँपालिका प्रस्थान गर्ने छन् । औरहीमा जनतासंग भलाकुसारी पछि चक्करमा अध्यक्ष प्रचण्डलाई स्वागतका लागि कार्यक्रम आयोजना गरिने छ।

त्यसपछि जिल्ला स्तरीय खबरदारीसभामा सहभागी अध्यक्ष प्रचण्ड हुनेछन् । त्यहाँबाट सोनिगामादेखि तेतरियामा उनलाई स्वागत गरिने कार्यक्रम रहेको कार्यालय सचिव प्रतिहस्तले बताए।

त्यहाँको कार्यक्रम सकिएसंगै उनी जनकपुरधाममा हुने कार्यक्रममा सहभागी हुने कार्यक्रम रहेको छ।

यता सोमबार महोत्तरी जाने कार्यक्रम भने तत्कालका लागि स्थगित गरिएको समेत उनले बताए। यसअघि सिरहाको औरही गाउँपालिकामा आयोजित एक कार्यक्रममा अध्यक्ष प्रचण्डले मधेशीसित राज्यसत्ताले दोस्रो दर्जाको नागरिकको व्यवहार गरिरहेको बताए।

'अहिले पनि त्यो जारी नै रहेको छ' उनले भने, देशका हरेक नागरिकसँग सामान व्यवहार हुन नसकेसम्म समृद्धि सम्भव छैन।

खबरदारी सभामा बोल्दै अध्यक्ष प्रचण्डले रौतहटमा २९ जना माओवादी युवाहरूलाई एकैठाउँमा क्रूरतापूर्वक हत्या गरिएको स्मरण गरे।

मधेशका मसिहा ठान्ने दलहरूले मधेशी जनतामाथि नै घात गरिरहेकाले अब उनीहरूको भ्रमबाट मुक्त हुनुपर्ने बेला आएको बताए। महिला, जनजाति, दलित, मधेसी, मुस्लिम, थारु आदिको पहिचान र अधिकार स्थापित गर्ने दल माओवादी नै भएको स्पष्ट गर्दै अध्यक्ष प्रचण्डले अब मधेशले माओवादीलाई फेरि विश्वास गर्ने बेला आएको बताए।

मधेशी जनता वास्तविक देशभक्त र सीमा रक्षकको रूपमा रहेको उल्लेख गर्दै उनले उनीहरूको सम्मान गर्नुको साटो अरू देशका नागरिक सरह व्यवहार गर्नु विभेद र अपमान भएकाले यसलाई प्रभावकारी कार्यक्रममार्फत नै अन्त्य गर्न सकिने र त्यसको नेतृत्व माओवादीले मात्रै गर्न सक्ने बताए।

अहिले सरकारमा भएका दलहरू मधेशसँग सधैं गलत व्यवहार गरेको, मधेशवादी दलहरू पनि मधेशलाई प्रयोग मात्रै गर्ने गरेको भन्दै मधेशको मुक्तिदाता माओवादी नै रहेको उनले दाबी गरे।

अध्यक्ष प्रचण्डले मधेशीको यथार्थ चित्रण गरिरहेको बेला त्यै मञ्चमा एकमात्र मधेशी नेता मातृकाप्रसाद यादव पछाडिको पंक्तिमा बसेका थिए।

अन्य दल र राज्यसत्ताले मधेशीसित गरिरहेको विभेदबारे बोलेपनि आफ्नै पार्टीमा उनले गरिरहेको विभेदलाई उत्कर्षमा पुऱ्याएको आरोप लाग्दै आएको छ।

# 'नेपाल-भारत' बीच खानेपानी विकास सम्बन्धी समझदारीपत्रमा हस्ताक्षर हुने



**टुडे समाचारदाता**

वीरगञ्ज । खानेपानीमन्त्री प्रदीप यादवलाई भारतको नयाँ दिल्लीमा शनिबार स्वागत गरिएको छ। नेपाली दूतावासले आयोजना गरेको विशेष कार्यक्रममा भारतका लागि नेपाली राजदूत शंकरप्रसाद शर्मा, भारतीय विदेश मन्त्रालयका नेपाल हेर्ने प्रोटोकल अधिकारी तुसारअंशु शर्मालगायत उच्च अधिकारीहरूले मन्त्री यादवलाई स्वागत गरे।

मन्त्री यादव नेपाल सरकारको तर्फबाट भारतको जलशक्ति मन्त्रालयमा आयोजना हुने खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) क्षेत्रको विकाससम्बन्धी समझदारीपत्रमा हस्ताक्षर गर्ने कार्यक्रम रहेको छ। उक्त समझदारीपत्र यही फागुन १९ गते सोमबार नेपाल सरकारका तर्फबाट मन्त्री यादव र भारत सरकारका तर्फबाट जलशक्तिमन्त्री सिआर पाटीलले हस्ताक्षर गर्ने कार्यक्रम तय गरिएको छ।

नेपाल र भारतबीच खानेपानी, सरसफाइ तथा फोहोर व्यवस्थापन जस्ता महत्वपूर्ण क्षेत्रमा आपसी सहयोग विस्तार गर्न समझदारीपत्रमा हस्ताक्षर गरिने भएको छ । यस सम्झौताले नेपालमा खानेपानीको स्रोतको विकास, स्वच्छ पानीको पहुँच विस्तार, सरसफाइ प्रवर्द्धन तथा फोहोर व्यवस्थापनमा ठोस सहयोग पुग्ने अपेक्षा गरिएको छ। साथै, नेपाल सरकारको हालसम्मका प्रयासलाई थप सशक्त बनाउने लक्ष्यसमेत यस सम्झौताले बोकेको छ।

नेपाल-भारतबीचको आपसी समझदारी र सहकार्यलाई मजबुत बनाउने यो सम्झौता दुवै देशका नागरिकका लागि लाभदायक हुने विश्वास गरिएको छ। गत सोमबार बसेको मन्त्रिपरिषद् बैठकले खानेपानीमन्त्री यादवको भारत भ्रमण स्वीकृति गरेको थियो। मन्त्री यादव मंगलबार स्वदेश फर्किनु हुने कार्यक्रम तय भएको छ।

# राष्ट्रिय मुक्ति पार्टीद्वारा विरोधसभा




**टुडे समाचारदाता**

जनकपुरधाम । कुम्लुङ क्षेत्रमा स्थानीय समुदायको ' नो केवलकार आन्दोलन' लाई समर्थन जनाउँदै राष्ट्रिय मुक्ति पार्टी मधेश प्रदेशले विरोध सभा आयोजना गरेको छ।

जनकपुरधामकोजनकचोकमा आयोजित कार्यक्रममा वक्ताहरूले स्थानीयवासीको सहमति विना ठूला परियोजना थोपर्न नहुने भन्दै सरकारको भूमिकाप्रति प्रश्न उठाए।

राष्ट्रिय मुक्ति पार्टीका केन्द्रीय सदस्य राजीव झाले मुकुम्लुङका वासिन्दाले केवलकार निर्माणको विरोध गरिरहे पनि सरकारले जबर जस्ती परियोजना अघि बढाउने प्रयास गरेको आरोप लगाए। उनले योजना अघि बढाउनुभन्दा पहिले स्थानीय समुदायसँग परामर्श हुनुपर्ने बताउँदै यस्तो जबर्जस्तीले जनताको अधिकार हनन हुने चेतावनी दिए।

सो विरोधसभामा राष्ट्रिय मुक्ति पार्टीका केन्द्रीय सदस्यहरु संजय चौधरी, दीपक झा, विद्यार्थी नेता तनबिर रेजालगायतका वक्ताहरूले सरकारले स्थानीय सरोकारको वेवास्ता गरेको भन्दै विरोध गरेका थिए ।वक्ताहरूले स्थानीय जनताको मागलाई सरकारले बेवास्ता गरिएमा सशक्त आन्दोलन गर्ने चेतावनी दिए।

# 'मधेशवादी दलहरू बहुरूपिया हुन्'

**टुडे समाचारदाता**

लहान । नेपाल समाजवादी पार्टीका अध्यक्ष महेन्द्र राय यादवले मधेशवादी दलहरू बहुरूपिया रहेको आरोप लगाएका छन्।

नेकपा माओवादी केन्द्रको जनजागरण अभियानका क्रममा सिरहामा आयोजित कार्यक्रममा रहेका अध्यक्ष यादवले भने, ' मधेशका लागि राजनीति गर्छु भन्ने यहाँका दलहरू बहुरुपिया हुन्,' उनले भने, 'यहाँका जनतालाई सधैं प्रयोग गरेर उनीहरूले मोजमस्ती गरे।'

नेपालमा राजनीतिक परिवर्तनमा मधेशवादी दलहरूको



बोल्दै मधेश केन्द्रित दलहरुमाथि उनले आरोप लगाए।

म धे श वा दी दलहरूले मधेशलाई सधैं प्रयोग गर्दै सत्तामा गएर मोजमस्ती गर्ने काम मात्र गरेको उनले आरोप लगाए । पूर्वमन्त्रीसमेत योगदान भए पनि प्राप्त उपलब्धिको लालनपालन गर्ने सामर्थ्य भने उनीहरूको नरहेको उनले बताए। यो काम माओवादीबाटै सम्भव भएकोले आफूले माओवादीको अभियानलाई समर्थन गरेको उनको भनाइ छ।

# सुरुङ खनेर पाँच घरमा चोरी

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको कौडेना गाउँपालिका-६ स्थित सक्रौलमा सुरुङ खनेर एकैरात पाँचवटा घरमा चोरी भएको छ।



शुक्रबार राति चोरको समूहले सक्रौल टोलका श्रीभुपनारायण राय, राजदेव राय, तेजा सहनी, गगनदेव साह र सुकदेव रायको घरमा चोरी गरेको हो। पाँचवटा घरमा घरभित्र रहेका गरगहना, नगदलगायतका सरसामग्री चोरी भएको पीडितले बताए।

आफूहरु भित्र सुतिरहेका बेला सुरुङ खनेर चोरी भएको पीडितमध्येका राजदेव रायले बताए । कतिपय स्थानीयले अज्ञात व्यक्ति आएर आँखामा नसालु पदार्थ छर्केर लुटपाट गरेर फरार भएको बताए।

चोरको समूहले स्थानीयको घरभित्र रहेका बाकस, कपडालगायत सरसामग्री खेतमा लगेर फालेको पाइएको छ । यसअघि फागुन १२ गते राति पनि सक्रौल गाउँकै मेघन सहनी, रुचा दास, शंकर सहनीलगायतको घरमा चोरी भएको थियो।

सर्लाहीमा यसअघि माघ २९ गते बसबरिया गाउँपालिकाको धनगढा गाउँको एक घर र चार दिनअघि सदरमुकाम मलंगवाको जिविक चोकको एक घरमा पनि दिउँसै ताला फोडेर चोरी भएको थियो।

जिल्लामा श्रृंखलावद्धरुपमा चोरीका घटना बढ्न थालेका छन् । जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक (डिएसपी) सरोज राइले सक्रौल गाउँमा एकैरात पाँच घरमा चोरी भएको घटनाका सम्बन्धमा स्थानीय प्रहरी चौकीबाट प्रहरी परिचालन गरी घटनाको मुचुल्का उठाएर थप अनुसन्धान भइरहेको बताए।

मलंगवाको जिविस चोकमा दिउँसै घरको ताल्चा फोडेर चोरी भएको घटनामा पनि शकांस्पद व्यक्तिलाई बोलाएर सोधपुछ गरिरहेको डिएसपी राईले बताए।




# इन्स्पेक्टर महतोलाई विभागीय कारबाही

**इन्सपेक्टर महतोको माग अनुसार मुद्दा फाँट नपाएको झोँकमा जिल्ला प्रहरी कार्यालय रौतहटलाई बदनाम गराउन अनेक षड्यन्त्र गरेको खुलासा भएपछि उनीमाथि विभागीय कारबाही थालिएको रौतहट प्रहरीले जनाएको छ ।**

**संजय मिश्र**

रौतहट। सिंगो नेपाल प्रहरी संगठनलाई बदनाम गरेको आरोपमा जिल्ला प्रहरी कार्यालय रौतहटमा कार्यरत इन्स्पेक्टर रामकुमार महतो माथि विभागीय कारबाही थालिएको छ।



इन्सपेक्टर महतोको माग अनुसार मुद्दा फाँट नपाएको झोँकमा जिल्ला प्रहरी कार्यालय रौतहटलाई बदनाम गराउन अनेक षड्यन्त्र गरेको खुलासा भएपछि उनीमाथि विभागीय कारबाही थालिएको रौतहट प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय रौतहटको उजुरी शाखा, मिटरव्याज शाखा र महिला तथा बालबालिका सेवा केन्द्रको प्रमुख रहेकोमा उनलाई कारबाही स्वरूप हाल सबै जिम्मेवारीबाट मुक्त गरिएको जिल्ला प्रहरी कार्यालयका एक अधिकारीले बताए।

ट्राफिक प्रहरी कार्यालय निजगढ बाराबाट भदौंको अन्तिम साता रौतहट सरुवा भएर आएका इन्स्पेक्टर महतो आएदेखिनै मुद्दा फाँटका लागी प्रयासरत रहेका थिए । मुद्दा फाँट दिलाउन उनले विभिन्न दलका नेताहरुका साथै अन्य जिल्लाका केही पत्रकारलाई पनि गुहारेका थिए। तर जिल्ला प्रहरी प्रमुख एसपी दिलीप घिमिरेले उनीमाथि विश्वास गर्न नसकिएको भन्दै उनलाई मुद्दा फाँटको जिम्मेवारी नदिइएको स्पष्ट पारे।

उनले मुद्दा फाँटको जिम्मेवारी नपाएपछि रिसाएर हालका मुद्दा फाँटका इन्स्पेक्टर उमाशंकर प्रसाद विरुद्ध कल्पोकल्पित समाचार लेख्न जिल्लाका केही पत्रकारलाई दबाब दिँदै आएका थिए।

तर एसपी घिमिरेको कार्यशैली र जिल्ला प्रहरी कार्यालय रौतहटको गतिविधिबारे जानकारी रहेका रौतहटका कुनै पनि पत्रकारले इन्स्पेक्टर उमाशंकर विरुद्ध कलम चलाएनन् । त्यतिमात्र नभइ महतोले समाचार लेख्न भनेको बारे रौतहटका केही पत्रकारले सबैकुरा एसपी घिमिरेलाई जानकारी गराएसंगै षड्यन्त्रको खुलासा भएको थियो।

जिल्लाका पत्रकारले त्यस्तो समाचार नलेखेपछि इन्स्पेक्टर रामकुमार महतोले जनकपुरधाम र बाराका केही पत्रकारलाई भनेर पछिल्लो केही दिनदेखि दिनहुँ मुद्दा फाँटका इन्स्पेक्टर उमाशंकर प्रसाद र जिल्ला प्रहरी कार्यालय रौतहटलाई जोडेर विभिन्न किसिमका समाचार लेखाउँदै आएको प्रहरीको आरोप रहेको छ।

रौतहट प्रहरी प्रमुख एसपी घिमिरेले इन्स्पेक्टर महतोमाथि लागेको गम्भीर आरोपहरुको प्रमाण संकलन गर्नेसंगै सुक्ष्मरुपमा अनुसन्धान भइरहेको बताए।

इन्सपेक्टर महतोमाथि लागेको आरोप पुष्टि भएमा संगठन बदनाम गराउनेमाथि कडा विभागीय कारबाही गर्ने एसपी घिमिरेले चेतावनी दिए। मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामका प्रमुख डिआइजी लालमणि आचार्यले घटनाबारे औपचारिक कुनै जानकारी नरहेको बताए।

'गल्ती गर्ने प्रहरीलाई विभागीय कारबाहीको सिफारिस गर्ने अधिकार एसपीसंग छँदैछ जिल्ला प्रहरी कार्यालय रौतहटमा के भइरहेको छ, त्यसको वास्तविकता बुझेर उचित कदम चाल्ने छौं' डिआईजी आचार्यले भने। आरोपी इन्स्पेक्टर रामकुमार महतोले यसबारे प्रतिक्रिया दिन मानेनन्।

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८